# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## सुकुम्बासी समस्या समाधान गर्न माग गर्दै ज्ञापनपत्र



बाँके । क्रान्तिकारी सुकुम्बासी संघ नेपाल जिल्ला समिति बाँकेले सुकुम्बासीका समस्या समाधान गर्न माग गर्दै कोहलपुर नगरपालिकाका उपमेयरलाई ज्ञापन पत्र बुझाएको छ । क्रान्तिकारी सुकुम्बासी संघ नेपाल जिल्ला समिति बाँकेका

संयोजक दिपेन्द्र घर्ती सहितको एक प्रतिनिधि मण्डलले २०८३ साउन ३ गते पालिकामा पुगेर उपमेयरलाई ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्रमा सुकुम्बासीको समस्या समाधान गर्न र उनीहरूलाई रोजगारी बाँकी ७ पेजमा


वर्ष ११ अङ्क ४ पूर्णाङ्क ४७४ | २०८३ साउन ११ गते सोमबार | Monday, 27 July, 2026 | पृष्ठ ८ | मूल्य रू. १० |–


# सुकुम्बासीमाथि बालेन सरकारको अत्याचारको पराकाष्ठा : काठमाडौं उपत्यका छाड्न उर्दी



काठमाडौं । बालेन्द्र साह नेतृत्वको राज्यसंयन्त्रले सुकुम्बासीमाथि एकपछि अर्को अन्याय, अत्याचार र अमानवीय फासिवादी क्रूरता लाद्दै अगाडि बढिरहेको छ । ५०-६० वर्षदेखि काठमाडौंको नदी किनार ऐलानी, पर्ति, नदी उकास जग्गामा बस्दै आएका सुकुम्बासीहरूलाई राज्यको सम्पूर्ण शक्तिको प्रयोग गरेर, डोजरले घर भत्काइदिएर उठिकास लगायो । १५ दिनभित्र वैकल्पिक व्यवस्था गर्ने आश्वासन दियो । विस्थापितमध्ये ६ प्रतिशत अर्थात् ३८८ घर परिवारलाई होल्डिङ सेन्टरमा राख्यो । तीन महिनासम्म पनि सरकारले कुनै ठोस व्यवस्थापन गर्न सकेन । बरु होल्डिङ सेन्टरबाट पनि विना विकल्प उठिबास लगायो । विना विकल्प होल्डिङ सेन्टर छाड्न अस्वीकार गरेका नागरिकहरूलाई खाना र पानी समेत बन्द गरियो । युद्धको बेला दुश्मनलाई समेत गर्न नमिल्ने अमानवीय क्रूरता सुकुम्बासीमाथि प्रदर्शन गरियो । सरकारको अत्याचारको विरोध गर्ने सुकुम्बासी तथा सुकुम्बासी अभियन्तामाथि राज्यले धरपकड समेत गर्‍यो । केही अभियान्ताहरूलाई कुटपिट गर्दै पक्राउ गरियो र चरम मानसिक यातना समेत दिइयो । त्यसको चौतर्फी रूपमा विरोध भएपछि विस्थापितहरूको व्यवस्थापन नाममा बालेन सरकारले सुकुम्बासीहरूलाई जुन वडाबाट विस्थापित गराइएको हो, सोही वडाभित्र स्थायी बसोबासको ग्यारेन्टी गर्न माग गर्दै आएका सुकुम्बासीहरूलाई सरकारले अन्ततः उपत्यकाबाहिर लखेट्ने प्रपञ्च गरेको छ, त्यो पनि प्रचलित संविधान, भूमि ऐन, नियमावली, कार्यविधिलाई समेत छलेर संविधान र कानुनले नचिन्ने उच्चस्तरीय बागमती सभ्यतालाई प्रयोग गरेर उनीहरूलाई काठमाडौं बाहिर लेखेट्न सुरु गरेको छ ।

भूमि ऐन, नियमावली र कार्यविधि अनुसार भूमि समस्या समाधान समितिले विगतका आयोगले पकट पटक लगत संकलन गर्न काठमाडौं महानगरपालिकालाई आग्रह गरेपनि, तत्कालीन मेयर बालेन्द्र साहसँग कार्यसमिति सम्झौता नै गरेपनि उनले ३५ दिने सूचना बाँकी ७ पेजमा

## दलाल पूँजीपति वर्ग र नेपाली जनता बीचको प्रमुख अन्तर्विरोधलाई हल गर्नका निम्ति वामपन्थीहरुको बीचमा एकता जरूरी छ – प्रवक्ता सुदर्शन



काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका प्रवक्ता हेमन्त प्रकाश ओली "सुदर्शन'ले दलाल पुँजीपति वर्ग र नेपाली जनता बीचको प्रमुख अन्तर्विरोधलाई हल गर्नका निम्ति वामपन्थीहरूको बीचमा एकता जरुरी रहेको बताउनुभएको छ । ४८ औं पुष्पलाल स्मृति दिवसका सन्दर्भमा श्रावण ७ गते काठमाडौंमा आयोजित "वर्तमान राजनीतिक बाँकी ७ पेजमा

# क्रान्तिकारी सुकुम्बासी संघ नेपालको आयोजनामा सुकुम्बासी समस्यासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न



नवलपुर । क्रान्तिकारी कम्युनिस्ट पार्टीका पोलिटब्यूरो सदस्य दीपकबहादुर शाहीले वर्तमान सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेट किसान, मजदुर, सुकुम्बासी तथा उत्पीडित बाँकी ७ पृष्ठमा समुदायको हितभन्दा दलाल पुँजीपति वर्गको स्वार्थलाई केन्द्रमा राखेर तयार गरिएको आरोप लगाएका छन् ।

क्रान्तिकारी सुकुम्बासी संघ नेपाल बाँकेले आइतबार कोहलपुरमा आयोजना गरेको सुकुम्बासी समस्यासम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै नेता शाहीले सरकारले किसान, मजदुर, सुकुम्बासी र निम्न वर्गप्रति अनुदार तथा पूर्वाग्रही दृष्टिकोण अपनाएको दाबी गरे ।

कार्यक्रममा उनले भने, 'वर्तमान सरकार किसान, मजदुर र सुकुम्बासी वर्गप्रति कति अनुदार र पूर्वाग्रही छ भन्ने कुरा यसले ल्याएको बाँकी ७ पृष्ठमा

## एकदेव आले स्मृति प्रतिष्ठानद्वारा ४८औं पुष्पलाल स्मृति दिवस मनाइयो



दमौली । एकदेव आले स्मृति प्रतिष्ठानद्वारा ४८ औं पुष्पलाल स्मृति दिवस मनाइएको छ । "कमरेड पुष्पलाल र नेपालको वाम आन्दोलन" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्दै प्रतिष्ठानले पुष्पलाल स्मृति दिवस मनाएको हो । दमौलीबाट पुष्पलाल श्रेष्ठले बताएअनुसार उक्त कार्यक्रममा दुई खालका विचारहरू आएका थिए । एक,संसदीय व्यवस्था हुँदै समाजवादमा जानुपर्छ भन्ने र अर्को तर्फ वर्ग संघर्षबाट नै नयाँ जनवादमा जानुपर्छ भन्ने । श्रेष्ठले बताए अनुसार नेपाली कम्युनिस्ट पार्टी अर्थात पूर्व माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरूले पनि नयाँ जनवादको कार्यक्रम अझै पूरा नभएको विचार प्रकट गरेका थिए । नयाँ जनवादबाट मात्रै जनताको समस्या समाधान हुने कुरा जीवनभरी नै पुष्पलालको अडान थियो । अन्तरक्रिया कार्यक्रमको बाँकी ७ पृष्ठमा

## 'वैदेशिक हस्तक्षेप र राष्ट्रिय आत्मसमर्पणवाद विरूद्ध क्रान्तिकारी कम्युनिस्टहरु एक हुनुपर्छ'




काठमाडौं । खुल्लमखुल्ला वैदेशिक हस्तक्षेप बढेको र नेपालको राष्ट्रिय स्वधीनता खतरामा परेकोले सबै कम्युनिस्टहरू एक भएर प्रतिरोध गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन् । बिहिवार राजधानीको संवाद डबलीमा 'राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपाल'द्वारा आयोजित कार्यक्रममा उनिहरूले बालेन सरकारले सीमा नाघेकोले त्यसको विकल्प खोज्नुपर्नेसमेत जोड दिए ।

७ घटकहरूको संयुक्त मोर्चाका बाँकी ७ पृष्ठमा

## अमेरिका–इजरायल तथा इरान युद्ध र विश्व अर्थतन्त्रमा पार्ने प्रभाव



● सीताराम तामाङ ●

१. साम्राज्यवाद विश्व संकटको कारण

लेनिनले भनेका छन् "पुँजीवादको एकाधिकारी अवस्था नै साम्राज्यवाद हो ।" उनले यसलाई पुँजीवादको विकासको उपल्लो चरण हो र यो परजीवी, मरणासन्न पुँजीवादको रूपमा रहेको विश्लेषण गरेका छन् । विदेशी मुलुकहरूलाई शक्ति र हिंसाको बलमा अधिनमा राख्नु साम्राज्यवाद हो । साम्राज्यवादीहरूले उपनिवेश विस्तारका लागि होडबाजी लगाएर/फलतः विश्वभरी नै उपनिशहरू विस्तार भए । तर सन् १९१७ मा रुसमा अक्टोबर क्रान्तिबाट समाजवाद स्थापना भएपछि त्यसको तरंग विश्वभरी फैलियो । औपनिवेशिक तथा अर्धऔपनिवेशिक मुलुकहरूमा राष्ट्रिय स्वाधीनताका आन्दोलनहरू उठे र त्यसले दोस्रो विश्व युद्धमा आई पुग्दा साम्राज्यवादलाई मरणासन्न अवस्थामा धकेलिदियो । साम्राज्यवाद अब पुरानै धर्राबाट (क्थकतझ) नचल्नेभयो । उनीहरूले पुरानो उपनिवेश तथा अर्धउपनिवेशहरूलाई आफ्नो पकडभित्र राखिराख्ने हेतुले नवउपनिवेशवादी नीति अख्तियार गरे ।

दोस्रो विश्व युद्ध अघिसम्म बेलायत विश्वकै एक नम्बरको साम्राज्यवादी शक्ति थियो । दोस्रो विश्व युद्धपछि संयुक्त राज्य अमेरिका एक नम्बरको शक्ति बन्यो । अब बृतिश स्टर्लिङ पाउन्डको स्थान अमेरिकी डलरले लियो । अमेरिकी नेतृत्वमा साम्राज्यवादी मुलुकहरूले सन् १९४५ मा बृटनउड्स सम्मेलन गरेर विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको जन्म दिए । पछि एसियाली विकास बैंक, अफ्रिकी विकास बैंक, डब्लुटिओ आदि संस्थाहरू थप्दै गए । यी सबैको काम भनेको पूर्व उपनिवेश तथा अर्धउपनिवेशहरूमा बाँकी ८ पृष्ठमा

## सम्पादकीय

# चीनविरोधी गतिविधि नियन्त्रण गर !

बालेन्द्र साह प्रधानमन्त्री बनेपछि दलाई लामाको निर्वासित सरकारले औपचारिक रूपमा बधाई दियो । जेनजी लगत्तै बनेको सुशिला कार्की सरकारलाई त दलाई लामा, उनको सरकार प्रमुख र सभामुखले समेत बधाई दिएका थिए । नेपालको इतिहासमा यस्तो परिघटना यसअघि कहिल्यै घटेको थिएन । जेनजी विध्वंशको बेला टिओबीका नेता तेन्जिङले भनेका थिए, मे देश फिर्ता दे । भदौं २४ को विध्वंश मच्चाउने यही टिओबी थियो र टिओबीसँग राम्रो सम्बन्ध भएका व्यक्ति थिए, त्यही विध्वंशको बेला पानी बाँड्ने भनेर चिनिने 'हामी नेपाल'का संयोजक सुदन गुरुङ । सुदन गुरुङको हामी नेपाललाई आर्थिक सहयोग गर्ने संस्था हो- फ्रि तिब्बतको आन्दोलन चलाउने दलाई लामाको विध्यार्थी संगठन । उनै गुरुङले जनेजी आन्दोलन आइज्याक गरे । सरकार बनाउने, रवि बालेन मिलाउनेदेखि दुईपटक गृहमन्त्री हुने हैसियत गुरुङ आफैले गरेका होइनन् । उनको पछाडि भूराजनीतिक शक्तिको ठूलो डिजाइन छ । बालेन र उनी त देखिने पात्र मात्र हुन् ।

गुरुङ गृहमन्त्री बनेपछि नेपालमा पहिलो पटक औपचारिक निर्णय गरेर दलाई लामाको जन्म दिवस मनाउन अनुमति दिइयो । त्यस लगत्तै सरकारले अमेरिकी दूताबासले लगानी गरेको मुस्ताङको लो घ्याकर गुम्बाको तस्बीर राख्ने र नेपालको चुच्चे नक्सा हटाउने भन्ने निर्णय गर्‍यो ।

अर्कोतिर दलाई लामा अर्थात् अमेरिकाकै सफ्ट पावरको रूपमा रहेको अन्तर्राष्ट्रिय तिब्बत अध्ययन संघले नेपालमा करिब ६ सय शोधकर्ताहरूलाई जम्मा पारेर ६ दिनसम्म तिब्बतसम्बन्धी विचार गोष्ठी सञ्चालन गर्दैछ ।

यसैबिचमा, एक रूपैयाँ दरको सिक्कामा नेपालको चुच्चे नक्सा हटाएर मुस्ताङमा अवस्थित लो घ्याकर गुम्बाको चित्र राख्ने सरकारको पछिल्लो निर्णय विवादमा तानिएको बेला सोही गुम्बामा भारतबाट आएका तिब्बती बौद्ध धर्मगुरुहरूको चहलपहल बढेको छ । यि सबै घटनाक्रम र गतिविधि नेपालले प्रतिबद्धता जनाउँदै आएको एक चीन नीति विपरीत र विरुद्ध छन् । यो नेपालका परराष्ट्र नीतिका पनि विरुद्ध परिलक्षित छन् । यी सबै घटनाक्रमहरू साम्राज्यवादी अमेरिका र विश्व महाशक्ति बन्दै गएको चीनबिचको प्रतिस्पर्धा र द्वन्द्वका बाछिटा हुन् । अमेरिकाले १५ औं दलाई लामा नेपालमा जन्माउने, १४ औं दलाई लामाको मृत्युपछि सिक्योङ (निर्वासित तिब्बती सरकारका प्रमुख)लाई स्वतन्त्र राष्ट्र प्रमुखको मान्यता दिने, संयुक्त राष्ट्र संघमा पनि सोही हैसियतमा प्रतिनिधित्व गराउने लगायतका प्रावधान समेटिएको नयाँ बिल अमेरिकी कंग्रेस (सिनेट)मा दर्ता गरेको छ । यसभन्दा अगाडि पनि उसले छुट्टै तिब्बत एक्ट पास गरिसकेको छ । अमेरिकाले चीनलाई टुक्र्याउन दलाई लामाका अनुयायीहरूलाई नेपालमा प्रयोग गर्ने रणनीति बनाएको देखिन्छ । अमेरिकाको यस रणनीतिलाई भारतले पनि साथ दिएको देखिन्छ । यही रणनीतिमा नेपालको बालेन-सुदन नेतृत्वको सरकारलाई पनि योजनाबद्ध रूपमा प्रयोग गर्न खोजिएको छ । उनीहरू पनि उनीहरूकै मिसन अनुसार प्रयोग हुन थालेको प्रष्ट रूपमा देखिएको छ । नेपालमा चीनविरोधी पृथकतावादी गतिविधि बढ्न थालेपछि चीन अत्यन्तै चिन्तित बनेको र औपचारिक-अनौपचारिक रूपमा कुरा उठाइरहेका समाचार सार्वजनिक भइरहेका छन् ।

नेपालमा अमेरिका, भारत र चीन जस्ता ठूला शक्ति राष्ट्रहरूको चासो र उपस्थिति बढ्दै जाँदा यहाँको भूराजनीतिक दबाब बढेको छ । चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' र अमेरिकी सहायता परियोजना 'मिलेनियम च्यालेन्ज कर्पोरेसन'लाई लिएर नेपालभित्र व्यापक राजनीतिक र नागरिक तहमा ध्रुवीकरण भएको थियो । चीनका लागि नेपालसँग जोडिएको तिब्बती सीमाक्षेत्र अत्यन्तै संवेदनशील मानिन्छ । बेइजिङले नेपालमा 'एक चीन नीति'को पूर्ण पालना र तिब्बत विरोधी गतिविधि नियन्त्रणमा विशेष जोड दिँदै आएको छ । नेपालले चीनलाई प्रत्याभूति दिलाउने खालको सुरक्षा प्रबन्ध मिलाउन सकेन भने शक्ति राष्ट्रहरू काउन्टर ब्यालेन्सको नाममा सक्रिय हुन पुग्दा देश गम्भीर भूराजनीतिक द्वन्द्वमा फस्ने खतरा बढेर गएको छ । त्यस्तो परिस्थिति निम्तिन दिनु भनेको नेपालको स्वाधीनता, क्षेत्रीय अखण्डतालाई जोखिममा धकेल्नु हो । त्यसको मूल्य सिंगो देश र जनताले चुकाउनु पर्ने स्थिति बन्न सक्दछ । तसर्थ, चीन विरोधी गतिविधिलाई नियन्त्रण गर । र, असंलग्न परराष्ट्र नीतिलाई अनभूत हुने गरी विश्वास दिलाउन जरुरी छ ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौँ ।

www.moolbato.com

# नेपालमा शरणार्थीहरुको चलखेल र सरकारी नीतिहीनता



● डा. केशव देवकोटा ●

नेपालमा विदेशी शरणार्थीको संख्या दिन प्रतिदिन बढेर गएको देखिएको छ । एकातिर बिभिन्न बहानामा नेपालीलाई विदेशिन बाध्यपार्ने काम भैरहेको छभने अर्कातिर बिभिन्न बहाना र आबरणमा विदेशीलाई भित्र्याउने काम पनि त्यतिकै तीब्रताकासाथ भैरहेको देखिन्छ । हालैमात्र पाकिस्तानका पृथकतावादी र बर्माका रोहिंग्या भारतहुँदै नेपाल पसेको प्रचार गरिएको छ । तर खासमा भारतमा रहेका दलाइलामा समर्थकहरूको प्रबेश तीब्र भएको देखिन्छ । उनीहरू खुलेयाम गाउँ गाउँमा परिचालित हुनथालेका छन् । गृहमन्त्री सुधन गुरुङलेनै सीमा क्षेत्रको नियमित अनुगमन र निरीक्षणका लागि विशेष अनुगमन संयन्त्र बनाउने तयारी भइरहेको खुलाशा पनि गर्नुभएको छ । सिंहदरबारमा गत शुक्रबार बसेको राष्ट्रियसभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति बैठकमा गृहमन्त्री गुरुङले उपरोक्त कुरा बताउनुभएर सुरक्षा सम्बेदनशीलता बढेको संकेत गर्नुभएको थियो । उहाँले आफूले बिभिन्न स्थानको सीमा क्षेत्रमा पुगेर समस्याको पहिचान गरिसकेको बताउँदै अब नियमित अनुगमन र निरीक्षणका लागि विशेष अनुगमन संयन्त्र बनाउने बताउनु भएको थियो । सोही बैठकमा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले खुला सीमा, शरणार्थीको अवैध प्रवेश र कानूनी क्षेत्राधिकारको अभाव सीमावर्ती क्षेत्रको सुरक्षाका लागि मुख्य चुनौती बनेको बताउनुभएको थियो ।

महानिरीक्षक कार्कीले सो बैठकमा पछिल्लो समय रोहिंग्या, पाकिस्तानी र सोमालियाली शरणार्थीहरू भारतहुँदै अवैधरूपमा नेपाल प्रवेशगर्नेक्रम बढेको जानकारी दिनुभएको थियो । त्यसैगरी सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले पनि सीमा सुरक्षालाई थप सुदृढीकरण र प्रभावकारी बनाउन सरोकारवाला निकाय तथा स्थानीय जनतासँग निरन्तर समन्वय र सहकार्यगरी अगाडि बढेको बताउनुभएको थियो । उहाँले सो बैठकमा खुल्ला सीमानाका कारण राष्ट्रिय सुरक्षामा थपचुनौती सिर्जना भएको बताउनुभएको थियो । महानिरीक्षक पौडेलले करिब एक हजार ८८० किलोमिटरको नेपाल-भारत सीमाक्षेत्रमा २४९ बोर्डर आउट पोष्टलेमात्र सीमा क्षेत्रको सुरक्षागर्न कठीनाई परेकोसमेत बताउनु भएको थियो । जसले नेपालमा विदेशी घुसपैठका कारण सुरक्षा चुनौती बढेको स्पष्ट भएको छ । नेपालमा संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) द्वारा आधिकारिकरूपमा मान्यता प्राप्त ४० हजार शरणार्थी रहेको अनुमान छ । भारतीय, तिब्बती, रोहिंग्या र भुटानी शरणार्थीहरू नेपालको शरणार्थी जनसंख्याको ठूलो हिस्सा मानिन्छन् । रोहिंग्याहरू सन् १९९० को दशक र मुख्यतया २०१२ बाट नेपाल आउन थालेको देखिएको छ । उनीहरू बंगलादेश र भारत पारगरेर पूर्वी नेपालमा प्रवेश गरेको पाइएको छ । तिनीहरू काठमाडौंको कपन र तराई बिभिन्न स्थानहरूमा फैलिएर रहेका छन् । काठमाडौंको कपनमामात्र ३०० भन्दा बढी रोहिंग्या शरणार्थी बसेको अनुमान छ । नेपालभर रोहिंग्याहरूको कूल संख्या एक हजारभन्दा बढी रहेको मानिन्छ । सरकारी तथ्यांकअनुसार पनि नेपालमा भुटानी र तिब्बती बाहेकनै १२ देशका शरणार्थी रहेका छन् भन्ने छ । तर कतिपय संस्थाहरूले नेपालमा १६ भन्दा बढी देशका शरणार्थी रहेको तथ्यांक सार्बजनिक गरेका छन् । जसमा तिब्बती शरणार्थीको संख्या ४० हजार भन्दा बढी रहेको अनुमान छ । युद्ध शुरुभएपछि युक्रेन र रसियाबाट पनि शरणार्थीहरू नेपालमा आएको पाइएको छ । रुस र युक्रेनबाट आएका केहीले औपचारिकरूपमै नेपाल सरकारसँग शरणको माग गरेका छन् ।

त्यसैगरी अफगानिस्तान, बंगलादेश, श्रीलंका, सोमालिया, इरान, यमन, फिलिपिन्स र इराकबाट पनि शरणार्थी नेपाल प्रवेश गरेका छन् । कतिपय अनुसन्धानहरूमा बंगलादेशमा रहेका रोहिंग्यालाई नेपाल ओसार्ने गिरोहनै सक्रिय रहेको देखिन्छ । केहीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ पनि गर्नेगरेको छ । कतिपयले उनीहरूलाई काठमाडौंसम्म ल्याएर संयुक्त राष्ट्रसंघ शरणार्थी उच्चायुक्तको कार्यालय (युएनएचसिआर)को महाराजगञ्जस्थित कार्यालय छेउमा पुर्‍याएर छाडिदिने गरेको पाइएको छ । त्यसबापत उनीहरूले दुई लाख ५० हजार बंगलादेशी टाका (करिब साढे दुईलाख नेपाली) अशुल्ने गरेको बताइन्छ । काठमाडौंमा मासिक भत्ता पाइने र त्यहाँबाट अमेरिकासमेत जान सकिनेभन्दै उनीहरूलाई नेपाल ल्याइएको खोजकर्ताहरूको भनाई छ । त्यसरी अबैध रूपमा आइपुगेका शरणार्थीलाई पनि युएनएचसिआरले तत्कालै दर्ता प्रक्रिया अघिबढाउने गरेको छ । शरणार्थी ओसार्ने समूह सक्रिय रहेको र अवैधरूपमा आएकाहरूलाई आआफ्नो देश फर्काउन नसक्दा नेपालमा उनीहरूको संख्या थपिँदै गएको अवस्था छ । अन्तर्राष्ट्रिय दबाबका आधारमा नेपालले अवैधरूपमा बस्दैआएका विदेशी शरणार्थीलाईसमेत फर्काउन सकेको छैन । बंगलादेशमा करिब चार लाख र भारतमा करिब ४० हजार रोहिंग्या शरणार्थी रहेको बताइन्छ । बंगलादेश र भारतको नाका पनि खुला भएकाले उनीहरू सहजै नेपाल आउने जोखिम रहेको प्रहरी अधिकारीहरूको भनाइ रहनेगरेको छ ।

काठमाडौंको कपन क्षेत्रमा रोहिंग्याले निजी जमिन भाडामा लिएर टहरासमेत बनाएर बसेका छन् । ज्यामी कामगर्दै आएका उनीहरूलाई बिभिन्न एनजीओ आइएनजीओहरूले संरक्षण गर्नेगरेको देखिएको छ । सन् २०२१ मा अफगानिस्तानमा तालिबान प्रशासनले सत्ता हातमा लिएपछि अफगान शरणार्थीहरू पनि भारतहुँदै नेपाल आउनथालेका थिए । उनीहरू पनि भारतीय सीमाबाटै नेपाल प्रवेश गरेको पाइएको छ । भनिन्छ उनीहरू पनि युएनएचसीआर निगरानीमा रहेका छन् । अफगानिस्तानका नागरिक धेरै पहिलेदेखिनै शरणार्थीका रूपमा नेपालमा बस्दैआएको पाइएको छ । सन् १९९० को दशकको शुरुमा भूटान सरकारले वंशजको नागरिकता र नागरिक अधिकार हटाउने नयाँ कानून ल्याएपछि लगभग १,०६,००० भुटानी शरणार्थीहरू पूर्वी नेपालमा प्रबेश गरेर संयुक्त राष्ट्रसंघको निरीक्षणमा रहेका सातवटा शिविरहरूमा बसोबास गरेका थिए । करिब ३० वर्षअघि नेपालीभाषी भुटानीहरू भुटान सरकारबाट लखेटिएपछि नेपाल आएका थिए । कतिपय हालसम्म पनि झापा र मोरङका शिविरमा रहेका छन् । उनीहरूको कसरी व्यवस्थापनगर्ने भन्ने टुंगो लागेको छैन । पुनर्स्थापना कार्यक्रमअन्तर्गत एकलाख १३ हजार २०० शरणार्थी बिभिन्न आठवटा देश पुगिसकेका छन् । धेरै भुटानी शरणार्थीले नेपालमै बसोवासको व्यवस्था मिलाउन आग्रहगर्दै आएका छन् । सन् २००३ देखि नेपाल र भुटानबीच सो विषयमा वार्तासमेत हुनसकेको छैन । सन् २००७ मा भुटानी शरणार्थी पुनर्वास पहल शुरु भएदेखि युएनएचसीआरले एकलाखभन्दा बढी शरणार्थीहरूलाई बिभिन्न देशमा स्थानान्तरण गरिसकेको छ ।

संयुक्त राज्य अमेरिकाले ति शरणार्थीहरूमध्ये ८४,००० भन्दा बढीलाई आश्रय दिएको र बाँकी अष्ट्रेलिया, क्यानडा, नर्वे, न्यूजील्याण्ड, डेनमार्क, संयुक्त अधिराज्य र नेदरल्याण्ड्समा सरेको पाइएको छ । तर पनि नेपालमा भुटानी शरणार्थीहरू कायमै रहेका छन् । त्यसैगरी सन् १९५९,१९६० र १९६१ मा तिब्बती विद्रोह र दलाई लामाको निर्वासनपछि २०,००० भन्दा बढी तिब्बतीहरू नेपालमा बसाइँ सरेको अनुमान छ । उनीहरू नेपाल र भारतमा आउजाउगर्दै अन्तर्राष्ट्रिय रेडक्रस समिति, नेपाल सरकार, स्विस सरकार, प्राविधिक सहयोगका लागि सेवाहरू स्विट्जरल्याण्ड र अष्ट्रेलियाली शरणार्थी समितिले स्थापना गरेका शरणार्थी शिविरहरूमा बसोबास गरेका छन् । हाल नेपालमा १२ वटा तिब्बती शरणार्थी शिविरहरू रहेका छन् । नेपालमा सन् १९९३ यता तिब्बती शरणार्थीको गणनासमेत हुनसकेको छैन । सन् १९४९ मा चीनले तिब्बतमाथि नियन्त्रण गरेपछि तिब्बतीहरूले आफ्नो देश छाड्न शुरुगरेका थिए । त्यसवेला करिब तीन लाखभन्दा बढी तिब्बती नेपाल र नेपालको बाटोहुँदै भारतको धर्मशालामा निर्वासन/शरणार्थीका रूपमा बस्न थालेको तथ्यांक छ ।

हाल नेपालमा सरकारीस्तरबाटै उनीहरूलाई प्रोत्साहन गरेपछि अधिकांश नेपालमा प्रबेश गरिसकेको बताइन्छ । उनीहरू काठमाडौं, ललितपुर, मनाङलगायत जिल्लामा रहेका क्याम्पमा बस्दैआएका छन् । खासगरी द्वन्दग्रस्त देशका शरणार्थीहरू थपिनेक्रम बढेकाले सुरक्षा चुनौतीको सिर्जना भएको छ । शरणार्थीलाई प्रयोगगरी कुनै आतंकवादी समूहले आपराधिक गतिविधि गराउनसक्ने संभावना रहन्छ । नेपालजस्तो देशमा शरणार्थी बढ्नुमा सरकारी नीति हीनता प्रमुख कारण रहेको छ । यस्तै अवस्था रहेका कुनै समय नेपाल शरणार्थीहरूको देशमा परिणत हुने संभावना छ । यसबारे देशभक्त नेपालीहरूको गंभिर ध्यानाकर्षण हुनुपर्ने अवस्था छ ।

# दिल्लीका १६ स्टेशन बन्दपछि कक्रोच पार्टीको कडा प्रतिक्रिया



काठमाडौं । दिल्ली मेट्रोका १६ वटा स्टेशन बन्द गरिएपछि कक्रोच जनता पार्टीले कडा प्रतिक्रिया जनाएको छ । स्टेशन बन्द गर्ने निर्णयबारे सामाजिक सञ्जाल एक्समा प्रतिक्रिया दिँदै सीजेपीले लेखेको छ, 'यसको अर्थ के हो ? मोदीजी, सिधै धर्मेन्द्र प्रधानलाई पदबाट हटाइदिनुहोस् र यो विषय यहीँ टुंग्याउनुहोस् ।'

सीजेपीले अर्को पोस्टमा भनेको छ, 'मेट्रो स्टेशन बन्द गर्ने यो दैनिक नाटक किन ? जे गरे पनि मानिसहरू जन्तर-मन्तरमा आएर आन्दोलनमा सहभागी हुनेछन् ।'

नीट प्रश्नपत्र चुहावट प्रकरणको विरोधमा जन्तर-मन्तरमा सीजेपीले सञ्चालन गरिरहेको आन्दोलन एक महिनाभन्दा बढी समयदेखि जारी छ ।

आन्दोलनलाई समर्थन गर्ने हजारौँ युवा जन्तर-मन्तर पुगेका छन् । पछिल्ला तीन-चार दिनयता प्रदर्शनकारी युवा र प्रहरीबीच पटक-पटक झडपसमेत भएको छ ।

# ओखलढुंगा जिल्लामा कम्युनिस्ट आन्दोलन: संक्षिप्त ऐतिहासिक रुपरेखा



● रामबहादुर बुढा ●

***स्थान परिचयः***

२०१८ साल भन्दा पहिले अहिलेको सोलुखुम्बु जिल्ला पूरै, ओखलढुंगा जिल्ला पुरै र साप्सु खोला भन्दा पश्चिमको खोटाङ जिल्लाको भूभागलाई पूर्व ३ नं. ओखलढुंगा भनिन्थ्यो। २०१८ सालमा पूर्व ३ नं. लाई सोलुखुम्बु, ओखलढुंगा र खोटाङ ३ जिल्लामा विभाजन गरिएको थियो। (भट्टराई, २०८३)

मल्लकालको समयमा राजा लक्ष्मी नरसिंह मल्लले राज्य विस्तारको क्रममा काजी भीम मल्ललाई पूर्वतर्फ पठाएका थिए। काजी भीम मल्लको निर्देशनमा त्यहाँका स्थानीय किराँतहरूलाई लखेटेर उनका सेनाहरूले घरको धान ल्याई ठूलो ओखल जस्तो ढुंगामा धानकुटी चामलको भात खाएका थिए। त्यस ढुंगालाई अहिले पनि संरक्षण गरेर राखिएको छ। त्यही ऐतिहासिक ढुंगाबाट त्यस जिल्लाको नाम ओखलढुंगा रहन गएको जनविश्वास छ। (जिल्ला वस्तुगत विवरण-२०८०)

***टिम्बुरबोटे काण्ड***

यो काण्ड नेपाली कांग्रेसको इतिहाससँग जोडिएको घटना हो तर ओखलढुंगा जिल्लाको राजनीतिक इतिहासमा टिम्बुरबोटे काण्ड विर्सनै नमिल्ने घटना हो। २०३१ सालमा कप्तान यज्ञबहादुर थापाको सैन्य नेतृत्व र महेश कोमोर्चा (सुनुवार) को राजनीतिक नेतृत्वमा पंचायती व्यवस्थाको विरुद्धमा २०३१ सालमा हालको सोलुखुम्बु जिल्ला दुधकुण्ड नगरपालिका वडा नं. ११ मा पर्ने कँणेनी जंगलको ओडारमा सेल्टर वनाई ओखलढुंगास्थित सेनाको विष्णु दल गुल्म कब्जा गर्ने योजना सहित सैन्य तालिम गरिरहेका बेला पंचायती सेनाको हेलिकोप्टरले वम हानी हत्या गरेको थियो। यज्ञ बहादुर थापा भाग्न सफल भए, १२ जना घटनास्थलमै मरे। भाग्दाभाग्दै करिव २२ जना मरे। सो घटनालाई टिम्बुरबोट काण्ड भनिन्छ। (निरौला र भट्टराई २०८३) कप्तान यज्ञबहादुर थापालाई पछि सैनिक कमाण्डर रुक्मांगत कटुवालको अगुवाईमा पक्राउ गर्न सफल भए। पंचायतले यज्ञबहादुर थापालाई जेल सरुवाको बहाना गरी हत्या गरेको थियो।

***नेकपाको स्थापना***

२०११ सालमा नारायण बहादुर गुरुङ सेक्रेटरी रहेको र सदस्यहरू वमप्रसाद निरौला, विष्णुहरी अधिकारी, पदमबहादुर श्रेष्ठ र दीपबहादुर श्रेष्ठ सदस्यहरू रहेको नेकपा ओखलढुंगा जिल्ला संगठन समिति बनेको थियो। (खतिवडा २०८३) २०१४ सालमा नेकपाका पि.वि.एम. तुल्सीलाल अमात्यले किसान संगठन बनाउन र तत्कालीन योङ कम्युनिस्ट लिगका महासचिव हिरण्यलाल श्रेष्ठ योङ कम्युनिस्ट लिगको कामले ओखलढुंगा गएका थिए।

***०१७ को फौजीकाण्ड***

०१७ सालमा राजा महेन्द्रको फौजीकाण्ड पछि नेकपा ओखलढुंगाका जिल्ला समिति विघटन कै अवस्थामा पुग्यो। (भट्टराई २०८३)

***रायमाझी धार***

०१७ सालमा राजाको फौजी कदमका बेला नेकपाका तत्कालीन महासचिव केशरजंग रायमाझी रुसमा थिए। उनी रुसबाट फर्किएपछि २०१७ को अन्त्यमा भएको पार्टीको दरभंगा प्लेनममा गएका थिए। रायमाझीको स्पष्टै रूपमा राजावादी धार थियो। ओखलढुंगा जिल्लामा रायमाझीको राजनीतिक लाइनलाई समर्थन गर्ने कार्य दीपबहादुर श्रेष्ठ र नारायण बहादुर गुरुङ लगायतले गरेका थिए। (भट्टराई, २०८३)

***तेस्रो महाधिवेशन पक्षधर***

ओखलढुंगा जिल्लामा रायमाझी धारलाई अस्वीकार गर्ने र २०१९ सालमा पुष्पलाल र तुल्सीलालहरूको पहलमा बनारसमा सम्पन्न नेकपाको तेस्रो महाधिवेशनलाई विष्णुहरी अधिकारी, लालबहादुर मगर, बमबहादुर परियार, भक्तबहादुर गिरी लगायतले समर्थन गरेका थिए। (भट्टराई-२०८३)

***पुष्पलाल धार***

पुष्पलाल पक्षको भारतको गोखरपुरमा सम्पन्न नेकपाको तेस्रो राष्ट्रिय सम्मेलनलाई ओखलढुंगा जिल्लामा विष्णुहरि अधिकारी र लालबहादुर मगर लगायतले समर्थन गरेका थिए। नेकपा (पुष्पलाल समूह) को २०२७ सालमा ओखलढुंगा जिल्ला भेला भएको थियो। त्यस भेलाबाट सचिव विष्णुहरी अधिकारी, सदस्यहरू लोककृष्ण भट्टराई, भक्तिलाल गिरी, ईश्वरी प्रसाद उपाध्याय, अजिरमान राई, लालबहादुर मगर, पूर्ण तामाङ जिल्ला कमिटीमा बसेका थिए। २०२९ सालमा विष्णुहरि अधिकारी शिक्षक भएकाले धेरै सक्रिय बन्न नसक्ने भएकाले लोककृष्ण भट्टराई सचिव बनेका थिए। (भट्टराई, २०८३)

***चौमधार***

२०३२ सालमा नेकपा (चौम समूह) को समर्थक विद्यार्थीहरूले रुम्जाटार लगायतका स्थानहरूमा प्रगतिशील नाटक प्रदर्शन गरेका थिए।२०३८मा ओखलढुंगामा नेकपा (चौम समूह) का युनिटहरू बनेको थियो। जसमा डि.आर.पोखेल, अजिरमान राई, तिलक गुरुङ, नारायण काजी श्रेष्ठ त्यस युनिटहरूमा नेतृत्व गरेका थिए। अजिरमान राई पुष्पलाल समूहबाट चौम समूहमा प्रवेश गरेका थिए। २०४० मा पार्टी विभाजित हुँदा जिल्लाका करिब सबै नेता लामा पक्ष अर्थात् नेकपा (चौम) मा सामेल भए। २०४३ मा निर्मल लामाको उपस्थितिमा ओखलढुङ्गा नेकपाको जिल्ला सगठन समिति बनेको थियो। जिल्ला सचिव डि.आर. पोखरेल भए। २०४७ मा नेकपा (एकताकेन्द्र) बन्ने प्रक्रियामा सामेल नभई डि.आर. पोखरेल पार्टीबाट बाहिरिएका थिए। मशाल र मसालको स्थिति यो जिल्लामा नगन्य अबस्था थियो। पछि जनयुद्धका बेला माओवादी विस्तारित भयो। (पोखरेल,२०८३)

***माले धार***

२०३९ सालमा नेकपा (मा.ले) ओखलढुंगा जिल्ला संगठन समिति पहिलो पटक गठन भएको थियो। ५ सदस्यीय जिल्ला संगठन समितिको सेक्रेटरी रत्नप्रसाद जोशी (जो काभ्रेबाट जागीरका सिलसिलामा ओखलढुंगा पुगेका थिए।) सदस्यहरू पेशल खतिवडा (हर्कपुर ओखलढुंगा), भूपप्रसाद धमला (गुड्नाम, ओखलढुंगा), चक्रबहादुर कटुवाल (कुईभिर, ओखलढुंगा) र गोविन्द कटुवाल (अँधेरी, ओखलढुगा) थिए। त्यस कमिटिले जिल्लामा ३ वटा इलाका समिति र केही सेल कमिटीहरू बनाएको थियो। २०४२ सालमा पेशल खतिवडा पार्टीको ओखलढुंगा जिल्ला पार्टी सेक्रेटरी बनेका थिए। (खतिवडा २०८३)

***०४६ को जनआन्दोलन***

जनआन्दोलन संचालनका लागि एकातिर ओखलढुंगा जिल्लामा वाममोर्चाको गठन भएका थियो भने अर्कोतर्फ काठमाडौंमा पनि ओखलढुंगेहरूको वाममोर्चा बनेको थियो। (भट्टराई र खतिवडा)

***एमाले विभाजन***

२०५४ मा एमाले विभाजन हुँदा यस जिल्लाका किशोर अधिकारी, भुवन पौडेल, छविलाल अधिकारी एमालेमै रहे भने पेशल खतिवडा, लोककृष्ण भट्टराई लगायत जिल्लाका बहुमत सदस्यहरू मालेतिर आबद्ध भए। २०५८ मा वामदेव गौतम एमालेका फर्किदा पेशल खतिवडा भने नेकपा (एकताकेन्द्र मसाल) तर्फ लागे। पछि उनी नारायणकाजी श्रेष्ठको नेतृत्वमा माओवादीमा सामेल भए।

***एमाले धार***

२०४७ सालमा ओखलढुंगा जिल्लामा माले र मार्क्सवादीका बीचमा पार्टी एकीकरण गर्दा नेकपा (वर्मा समूह) को पूरै जिल्ला कमिटी पनि एकता प्रक्रियामा सहभागी बन्यो। नेकपा (एमाले) को पहिलो जिल्ला अधिवेशन (२०४८) बाट प्रेमनारायण प्रेमी, दोस्रो जिल्ला अधिवेशन (२०५० फागुन ६-७) बाट किशोर अधिकारी, तेस्रो जिल्ला अधिवेशन (२०५३ पौष १२-१३) बाट पेशल खतिवडा, चौथो जिल्ला अधिवेशन (२०५५ कार्तिक २८-२९) बाट किशोर अधिकारी) ,पाँचौं जिल्ला अधिवेशन (२०६० चैत्र) बाट यज्ञबहादुर सुनुवार, छैठौं जिल्ला अधिवेशन (२०६५ असोज ३ -कार्तिक १) बाट यज्ञराज सुनुवार सचिव भएका थिए। सातां जिल्ला अधिवेशन (२०६६ पौष) बाट यज्ञराज सुनुवार नै अध्यक्ष, आठौं अधिवेशन (२०७०) बाट पनि यज्ञराज सुनुवार नै अध्यक्ष र नवौं जिल्ला अधिवेशन (२०७२) बाट मोहन कुमार श्रेष्ठ अध्यक्ष बनेका थिए। (श्रेष्ठ २०८३)

***नेकपा (माओवादी) धार***

केन्द्रमा नेकपा (एकताकेन्द्र) विभाजित भएपछि एउटा नेकपा (एकताकेन्द्र) नेकपा (माओवादी) मा रूपान्तरित भयो। २०५१ सालमा ३ सदस्यीय नेकपा (माओवादी) ओखलढुंगा जिल्ला संगठन समिति बनेको थियो। जसमा सेक्रेटरी ओमकुमार सुवेदी (पोकली गाविस), सदस्यहरू पुष्कर गौतम (पोकली) र तेजबहादुर भुजेल (घोराखेरी) थिए। जनयुद्ध सुरु भएपछि ओमकुमार सुवेदी स्वतन्त्र भए, तेजबहादुर भुजेल गाउँ छाडेर भागे तर पछि फर्केर गाउँ आएका बेला भुजेललाई सेनाले हत्या गर्‍यो। जिल्ला कमिटी विघटन भए जस्तै थियो। २०५४ सालतिर नेकपा (माओवादी) ले ओखलढुंगा जिल्ला, सोलुखुम्बु जिल्ला, रामेछापको तामाकोशी पूर्व, दोलखा जिल्ला सबै मिलाएर एउटा जिल्ला कमिटी बनायो। त्यस जिल्ला कमिटीको सेक्रेटरी गंगा कार्की, सदस्यहरू पुष्कर गौतम र पछि विस्तारै बालकृष्ण ढुंगेल, केशवहरी ढुंगेल, देवी खड्का थपिए। त्यसमा काभ्रे र सिन्धुपाल्चोकका युवाहरू पनि थपिए। त्यस कमिटीको इन्चार्ज अग्नि सापकोटा बने। कम्पनीस्तरको सैन्य संरचना बन्यो। त्यस जिल्लामा वालपेन्टिङ, पर्चा, पोस्टरिङ, फटाहाहरूलाई कार्वाहीका गतिविधि बढ्दै गए। उज्ज्न श्रेष्ठ (पोकली) माओवादीको जनकार्वाहीमा परी मारिएको घटना सबैभन्दा बढी चर्चामा रह्यो। २०५० मंसिरमा माओवादीका पुष्कर गौतम, केशवहरी ढुंगेल, गीता ढुंगेल, अनिता घिमिरेले पार्टी परित्याग गरे। (गौतम, २०८३)

***भोटको राजनीति***

२०१५ सालको संसदीय चुनावमा नेकपाका तर्फबाट ओखलढुंगामा नारायणबहादुर गुरुङलाई पार्टीले उम्मेदवार बनाएको थियो तर पार्टीले दिएको टिकट समयमै नपुगेकाले स्वयं नारायणबहादुर गुरुङ नै पानी धाराको टुटी चिन्ह लिएर स्वतन्त्र उम्मेदवार उठेका थिए। स्वतन्त्र उम्मेदवार भएपनि उनी पार्टीका आधिकारिक उम्मेदवार थिए।(भट्टराई र खतिवडा)

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल***

यस जिल्लाका रुद्र फुयाँल, सचिन कार्की, तेन्जी शेर्पा, बालकृष्ण राई लगायत यस पार्टीमा नेतृत्व गरिरहेका छन्।

# कम्युनिस्टहरूको डायरीमा रोदन होइन, वर्गसंघर्षको संकल्प हुन्छ



● लक्ष्मण उप्रेती ●

## मार्क्सले भनेका थिए, 'दार्शनिकहरूले संसारलाई विभिन्न तरिकाले व्याख्या गरेका छन् तर मुख्य कुरा यसलाई परिवर्तन गर्नु हो।' यही शिक्षाले कम्युनिस्टहरूलाई मार्गदर्शन गरिरहेको छ।

कम्युनिस्ट आन्दोलनको इतिहास निकै गौरवान्वित छ। यो गर्विलो इतिहासमा सच्चा कम्युनिस्टहरूले कहिल्यै आफ्नो राजनीतिक भविष्य कुनै बुर्जुवा शक्ति, कुनै व्यक्तिवादी नेतृत्व वा कुनै चुनावी चमत्कारको भरोसामा सुम्पेका छैनन्। कम्युनिस्टहरूको डायरीमा गुनासो, रोदन, निराशा र गिड्गिडाहट लेखिँदैन। त्यहाँ संघर्ष, त्याग, बलिदान, संगठन निर्माण र क्रान्तिको संकल्प लेखिन्छ। आज नेपालको राजनीतिक क्षेत्रमा एउटा प्रवृत्ति देखापरेको छ। केही मानिसहरू, जसले आफूलाई कम्युनिस्ट भन्ने गरेका छन्, उनीहरू रास्वपाको अगाडि आशा, अपेक्षा र अनुरोधका साथ उभिएका छन्। कतिपयले कम्युनिस्ट आन्दोलनको संकटको समाधान रास्वपाभित्र खोजिरहेका छन्। कतिपयले रास्वपालाई पुराना दलहरूको विकल्पका रूपमा मात्र होइन, समाज परिवर्तनको वाहक शक्तिका रूपमा समेत प्रस्तुत गर्न खोजिरहेका छन्। तर प्रश्न उठ्छ, के वास्तवमै रास्वपा समाज परिवर्तनको शक्ति होरु यसको वर्गीय चरित्र के होरु यसको वैचारिक आधार के हो? र कम्युनिस्टहरूले यसलाई कसरी हेर्नुपर्छ? भन्ने विषय निकै महत्त्वपूर्ण छ।

वैज्ञानिक दृष्टिकोणबाट हेर्दा कुनै पनि राजनीतिक दललाई त्यसका नाराहरू, प्रचार सामग्री वा लोकप्रिय अनुहारका आधारमा होइन, त्यसको वर्गीय आधार, आर्थिक हित, राजनीतिक कार्यक्रम र ऐतिहासिक भूमिकाका आधारमा मूल्याङ्कन गरिन्छ।

कार्ल मार्क्सले स्पष्ट रूपमा बताएका थिए कि कुनै पनि राज्य, दल वा राजनीतिक संरचना अन्ततः कुनै न कुनै वर्गको हितको प्रतिनिधित्व गर्दछ। समाजमा वर्गहरू रहुञ्जेल वर्गनिरपेक्ष राजनीति भन्ने कुरा सम्भव हुँदैन। त्यसैले कुनै पनि दललाई बुझ्न पहिले त्यसले कुन वर्गको हितको प्रतिनिधित्व गर्छ भन्ने कुरा बुझ्न आवश्यक हुन्छ।

रास्वपाको उदय नेपालको परम्परागत संसदीय दलहरूप्रति बढ्दो जनअसन्तुष्टिको पृष्ठभूमिमा भएको हो। भ्रष्टाचार, कुशासन, दलाल पुँजीवाद, बेरोजगारी, युवा पलायन र राजनीतिक अस्थिरताले जनतामा आक्रोश पैदा गरिरहेको अवस्थामा रास्वपाले आफूलाई नयाँ शक्तिका रूपमा प्रस्तुत गर्‍यो। यसले पुराना दलहरूको आलोचना गर्‍यो, सुशासनको कुरा गर्‍यो, प्रशासनिक सुधारको कुरा गर्‍यो र राजनीतिक व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्‍यो। तर प्रश्न यहाँ छ, के सुशासन मात्र समाज परिवर्तनको कार्यक्रम हो?

मार्क्सवादी दृष्टिकोणले भन्छ, भ्रष्टाचार कुनै व्यक्तिको नैतिक कमजोरी मात्र होइनस यो निश्चित आर्थिक तथा सामाजिक संरचनाको उत्पादन हो। दलाल तथा नोकरशाही पुँजीवादमा भ्रष्टाचार एउटा अपवाद होइन, प्रणालीकै अंग हुन्छ। त्यसैले प्रणालीलाई यथावत् राखेर भ्रष्टाचार अन्त्य गर्ने कुरा सम्भव हुँदैन।

रास्वपाले भ्रष्टाचारको आलोचना गर्छ, तर भ्रष्टाचार जन्माउने दलाल पुँजीवादी संरचनाको अन्त्य गर्ने कार्यक्रम प्रस्तुत गर्दैन। उसले बेरोजगारीको कुरा गर्छ, तर उत्पादनका साधनमाथिको निजी स्वामित्वको प्रश्न उठाउँदैन। उसले सुशासनको कुरा गर्छ, तर राज्यको वर्गीय चरित्र परिवर्तन गर्ने कुरा गर्दैन। उसले व्यवस्थापन सुधारको कुरा गर्छ, तर शोषणमूलक सम्बन्ध अन्त्य गर्ने कुरा गर्दैन।

यस अर्थमा रास्वपा क्रान्तिकारी शक्ति होइन। यो समाजको प्रगतिशील शक्ति पनि होइन,यो विद्यमान पुँजीवादी व्यवस्थाभित्र सुधार खोज्ने एक उदारवादी यथास्थितिवादी राजनीतिक शक्ति हो।

इतिहासमा यस्ता शक्तिहरू नयाँ होइनन्। विभिन्न देशहरूमा पुराना दलहरूप्रति जनअसन्तुष्टि बढ्दा मध्यमवर्गीय असन्तुष्टिलाई प्रतिनिधित्व गर्ने नयाँ दलहरू जन्मिएका छन्। उनीहरूले पुराना अनुहारलाई विस्थापित गर्न खोजेका छन्, तर व्यवस्थाको आधारभूत चरित्र परिवर्तन गरेका छैनन्। सत्ता सञ्चालनको शैली परिवर्तन गर्न सकिन्छ, तर वर्गीय सत्ता परिवर्तन नगरी समाजको चरित्र परिवर्तन गर्न सकिँदैन।

कम्युनिस्टहरूको दृष्टिकोणमा मुख्य प्रश्न 'कसले शासन गर्छ'?भन्ने मात्र होइन, 'कुन वर्गको शासन कायम छ ? 'भन्ने हो।आज नेपालमा विदेशी पुँजी, दलाल पुँजीपति वर्ग, वित्तीय संस्थाहरू, भूमाफिया, ठेकेदार पूँजी र नोकरशाही पुँजीको साम्राज्यवादसङ्गको गठबन्धनले राज्यसत्तामा प्रभाव जमाइरहेको छ। जुनसुकै दल सरकारमा पुगे पनि यदि उसले यही आर्थिक आधारलाई स्वीकार गर्छ भने अन्ततः त्यही सत्तासंरचनाको व्यवस्थापकिय सुधार मात्र गर्न पुग्छ।

त्यसैले कम्युनिस्टहरूले रास्वपालाई भावनात्मक रूपमा होइन, वैज्ञानिक रूपमा विश्लेषण गर्नुपर्छ। समर्थन वा विरोध व्यक्तिगत आधारमा होइन, वर्गीय आधारमा हुनुपर्छ। यदि कुनै कम्युनिस्ट कार्यकर्ता वा नेता रास्वपाबाट देश र जनताको भलो हुने वा कम्युनिस्ट आन्दोलनको विकल्पको आशा राख्छ भने उसले मार्क्सवादको आधारभूत सिद्धान्त नै बिर्सिएको हुन्छ। इतिहासमा कुनै पनि क्रान्ति सुधारवादी वा उदारवादी शक्तिको सहाराबाट सफल भएको छैन। क्रान्ति सधैं मजदुर श्रमिक वर्ग, किसान वर्ग र उत्पीडित जनसमुदायको संगठित संघर्षबाट मात्र सम्भव हुन्छ।यसको अर्थ रास्वपाका समर्थक जनतालाई शत्रु ठान्नुपर्छ भन्ने होइन। त्यहाँ रहेका धेरै मानिसहरू भ्रष्टाचारविरोधी भावना, परिवर्तनको चाहना र पुराना दलहरूप्रतिको असन्तुष्टिका कारण आकर्षित भएका छन्, कम्युनिस्टहरूको दायित्व उनीहरूलाई गाली गर्नु होइन, बरु धैर्यतापूर्वक राजनीतिक शिक्षा, वर्गीय विश्लेषण र वैज्ञानिक समाजवादको दृष्टिकोणवाट प्रशिक्षित गर्नु हो।

आज आवश्यकता रास्वपाको अगाडि गिड्गिडाउने होइन, जनतामाझ जाने हो। आवश्यकता कुनै नयाँ बुर्जुवा विकल्पको खोजी होइन, क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको पुनर्गठन हो। आवश्यकता निराशा फैलाउने होइन, वैज्ञानिक समाजवादको कार्यक्रमलाई जनवादी क्रान्तिका लागि जनताको जीवनसँग जोड्ने हो।

मार्क्सले भनेका थिए, 'दार्शनिकहरूले संसारलाई विभिन्न तरिकाले व्याख्या गरेका छन् तर मुख्य कुरा यसलाई परिवर्तन गर्नु हो।'यही शिक्षाले कम्युनिस्टहरूलाई मार्गदर्शन गरिरहेको छ।

कम्युनिस्टहरूको डायरीमा रोदन र आँसुका कथा होइनन्, संघर्षका अध्याय हुन्छन्। त्यहाँ पराजयबाट प्राप्त शिक्षाहरू हुन्छन्, संकटबाट सङ्कल्प जन्मिन्छ, र प्रतिक्रियावाद तथा अवसरवादको अगाडि आत्मसमर्पण होइन, प्रतिरोधको प्रतिबद्धता लेखिन्छ।

त्यसैले आजको जिम्मेवारी स्पष्ट छ,रास्वपाको वास्तविक वर्गीय चरित्र बुझ्ने, जनतामा रहेका भ्रमहरूलाई वैज्ञानिक ढंगले स्पष्ट पार्ने, र श्रमिक-किसान वर्गको नेतृत्वमा नयाँ जनवादी तथा समाजवादी रूपान्तरणको दिशामा संघर्षलाई अगाडि बढाउने। यही नै कम्युनिस्टहरूको मार्ग हो, यही नै इतिहासको द्वन्द्वात्मक गति बुझ्ने वैज्ञानिक दृष्टिकोण हो ।

# नवौं अखिल भारत सम्मेलन सफल पार्न पञ्जावको जालन्धर जाऔं !

## संसारका मजदुर एक हौं ! रजि नं २१६७/२०२२ नेपाली एकता जिन्दावाद !

## अखिल भारत नेपाली एकता समाजमा सङ्गठित बनौं !



**अपील**

*आदरणीय न्याय प्रेमी जनसमुदायहरू,*

भारतका विभिन्न सहरहरूमा विभिन्न प्रकारका पेशा-व्यवसायमा कार्यरत लाखौंलाख नेपालीहरूको साझा सङ्गठन अखिल भारत नेपाली एकता समाज आफ्नो ऐतिहासिक नवौं अखिल भारत सम्मेलन १९-२१ फरबरी २०२७ सम्म भारतको पन्जाब राज्यमा अवस्थित जालन्धर सहरमा हुन गइरहेको खुसीको खबर तपाईंहरू समक्ष लिएर आउन पाउँदा हामी अत्यन्तै हर्षित महसुस गरिरहेका छौं ।

आदरणीय एकता प्रेमी जनसमुदायहरू,

यहाँहरू सबैलाई सर्वविदितै छ अखिल भारत नेपाली एकता समाजले आफ्नो स्थापना ७ नोभेम्बर १९७९ देखि भारतस्थित नेपालीहरूका बिचमा आइपर्ने विभिन्न प्रकारका बाधा र अडचनहरूका विरूद्ध अविचलित एवं अनवरत रूपमा अभिभावकीय भूमिका कुशलतापूर्वक निर्वाह गर्दै आएको गौरवपूर्ण इतिहास बोकेको सङ्गठन हो । त्यसका साथै देशभित्र राष्ट्रियता जनतन्त्र र जन-जीविकाको पक्षमा चल्ने हरेक आन्दोलनलाई ऐक्यवद्ता जनाउँदै आर्थिक नैतिक तथा भौतिक रूपमा पनि महत्वपूर्ण भूमिका खेलिरहेको इतिहास साक्षी छ । तर विडम्बना इतिहासको विभिन्न कालखण्डमा धेरै ठुलो त्याग र बलिदानबाट प्राप्त गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक प्रतिनिधित्व तथा जनताको मौलिक अधिकारहरू आफूलाई प्रजातान्त्रिक र समाजवादी भन्ने संसदवादी प्रमुख पार्टीहरूले सत्ता, शक्ति र दम्भका भरमा व्यक्तिगत, गुटगत र दलगत निहित स्वार्थ पूरा गर्नको लागि सरकार मार्फत् संविधानको दुरूपयोग गरेका कारण जनस्तरमा अन्तर्विरोधले विस्फोटक रूप लिन पुग्यो । त्यसैको जगमा गत वर्ष २०८२ भाद्र २३ र २४ को आन्दोलन र त्यसबाट स्थापित सुशीला कार्कीको सरकार त्यसपछिको निर्वाचनबाट बनेको बालेन शाहको नेतृत्वको सरकारको सय दिनको परिणामलाई हेर्दा आज देश गम्भीर सङ्कटग्रस्त अवस्थाबाट गुज्रिरहेको छ ।

गरिब सुकुम्वासी जनताका झुप्रा छाप्रामा विना सूचना डोजर चलाएर विचलित पारिदिएको छ । साना खुद्रा व्यापार व्यवसायीहरूको सम्पत्ति जफत गरी विस्थापित गरिएको छ । विद्यार्थी मजदुर आदि वर्गको सङ्गठित हुने मौलिक अधिकारबाट वञ्चित गरिएको छ । देशको प्रधानमन्त्रीले सार्वभौम अधिकार सम्पन्न संसद्को गरिमामय रोष्टमबाट 'भारतले नेपालको भूमि मात्र मिचेको छैन नेपालले पनि भारतको भूमि मिचेको छ' जस्ता राष्ट्रघाती अभिव्यक्ति दिइन्छ । चीन नीति विरूद्ध दलाई लामाको जन्मोत्सव मनाउन अनुमति दिनुले अनेकौं आशङ्काहरू पैदा भएका छन् । सरकारले आफ्नो अनुकूल संसदीय मर्यादा विपरीत अध्यादेश मार्फत कानुन फेरबदल गर्ने काम गरेको छ । यी सबै राष्ट्रघाती क्रियाकलापको बारेमा बोल्ने राष्ट्रवादी पार्टी सङ्घ संस्थाहरूलाई झुटा मुद्दा, धरपकड र यातना दिने गरेको छ । यसले के बताउँछ भने सरकारले आफ्नो सत्ता टिकाउन फासिवादी तरिकाले शासन गर्न खोजेको छ । आज देशको सार्वभौमिकता, राष्ट्रियता, अखण्डता र स्वाधीनता धरापमा परेको छ । त्यसकारण आज देश विदेशमा बस्ने सबै प्रकारका देशभक्त राष्ट्र प्रेमी नेपाली जनता एकताबद्ध भएर सरकारका राम्रा नराम्रा विषयहरूलाई गुण दोषको आधारमा खबरदारी गर्न पर्ने आवश्यकता बनेको छ ।

*आदरणीय सङ्घर्षशील साथीहरू,*

आज सरकारको गैरजिम्मेवारपूर्ण नीति, कार्यक्रम, व्यवहार र क्रियाकलापका कारण देशभित्र जन आक्रोश असन्तुष्टि र अराजकता बढ्दो छ । सरकारको असंलग्न परराष्ट्र नीति विरूद्ध गतिविधिका कारण अन्तर्राष्ट्रियस्तरको सम्बन्ध पनि बिग्रिँदै गइरहेको छ जसको कारण विदेशमा बस्ने नेपालीहरूलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर परिरहेको छ । आज भारतमा विभिन्न प्रकारका पेशा व्यवसायमा कार्यरत लाखौं लाख नेपालीहरूलाई भारतको केन्द्रीय सरकार वा राज्य सरकारहरू र निजी संघ संस्था व्यक्तिहरूले भारत नेपाल बिच भएको १९५० को शान्ति तथा मैत्री सन्धिको मर्म र भावना अनुसार सहज परिस्थिति बनाई दुवै देशका जनता बिचको सम्बन्धलाई सुमधुर बनाउनुको सट्टा फर्जी आधार कार्डका नाममा केही अराजक र असामाजिक तत्वहरूको गैरकानुनी अपराधका कारण सर्वसाधारण नेपालीहरूलाई अनावश्यक दुःख, सास्ती, मानसिक यातना, डरत्रास असुरक्षितको वातावरण सृजना गरिएको छ । विविध प्रकारका समस्याहरू समाधानको लागि सम्बन्धित निकायसँग वार्ता, संवाद छलफलबाट निकास निकाल्नुपर्दछ र हाम्रो सङ्गठन उक्त विषयमा सदैव प्रयत्नशील रहँदै आइरहेको छ । अन्तमा अहिलेको बस्तुगत अवस्थाले सृजना गरिएको नयाँ चुनौती र सम्भावनाहरू बिच घनिभूत छलफल र निकासको लागि हाम्रो गौरवशाली सङ्गठनको गरिमामय नवौं अखिल भारत सम्मेलन भव्य रूपमा सम्पन्न पार्नको लागि विगतका वर्षहरूमा जस्तो आर्थिक, नैतिक, भौतिक रूपमा सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

*अखिल भारत नेपाली एकता समाज*
*नवौं अखिल भारत सम्मेलन तयारी समिति*

# कम्युनिस्ट आन्दोलनको उच्च धेय र यसको एकताको कुरा



● लोकनारायण सुवेदी ●

हाम्रो देश नेपालमा आज पनि नेपाली जनताको ठूलो हिस्साले कम्युनिस्ट आन्दोलनलाई समर्थन गर्दै आएको कुरा बिगतका निवर्माचनहरूले देखाएको हो । तर पछिल्लो यूवा-विद्यार्थीलाई फसाँएर वितण्डा मच्चाउने तिलष्मी प्रकृतिका आततायी घटना देशमा घट्यो सत्ता परिवर्तन भयो त्यस यताको चुनावी चुनावी परिणालाई मात्र आधार लिने हो भने यो कम्युनिस्ट प्रभाव विगतको तुलनामा ठूलो मात्रामा घटेको छ । हुन पनि विगत लामो समयको कुरालाई परै छाडेर वर्तमान स्थितिलाई त्यसमा पनि खासगरी २०६२/६३ को आन्दोलन पछि विकसित अवाञ्छित स्थितिलाई मात्र केलाउने हो भने नेपाली जनताको ठूलो समर्थन पाएको यो कम्युनिस्ट मत नराम्रोसाग खस्केको कुरा जग जाहेर छ । संसदादी कम्युनिस्टहरूको भ्रष्ट, विचलनकारी र साम्राज्यवाद परस्त मनोवृत्तिले गर्दा यस आन्दोलनप्रतिको जनताको समर्थन अझ गुम्ने र जनताको यो आन्दोलनले सही दिशा र गति प्राप्त गर्न नसक्ने गम्भीर खतरा पैदा हुँदै गएको छ । यस विकृत स्थितिले गर्दा यस आन्दोलनले नेपाली जनता र राष्ट्रको हितमा काम गर्न सक्ने हो कि होइन भन्ने आज ठूलो सन्देह उत्पन्न भएको र गम्भीर प्रश्न पनि खडा भएको छ ।

कम्युनिस्ट आन्दोलनको आधारभूत धेय भनेको जनता र राष्ट्रले भोगिरहेका शोषण उत्पीडनका तत्कालीन र दीर्घकालीन तमाम समस्यालाई हल गर्ने दिशामा यो आन्दोनलाई सुस्पष्ट केन्द्रित र दृढरूपमा खडा गर्नु हो । त्यसको निमित्त यो आन्दोलन हाक्ने कम्युनिस्ट नेता तथा कार्यकर्ताहरू वैचारिक,सैद्धान्तिक र नीतिगत किसिमले प्रष्ट दृष्टिकोण बनाएर तदनुरूप अघि बढ्न तयार हुनु पर्दछ । आजको विश्वको बद्लिदो परिवेश खासगरी विश्वमा विज्ञान र प्रविधिको क्षेत्रमा आएको र दिनानुदिन आइरहेको क्रान्तिकारी परिवर्तन र त्यसले ल्याउने सामाजिक चेतना तथा जीवन प्रकृयामा आउने परिवर्तनलाई राम्ररी आत्मसात गर्न यो आन्दोलनले सक्नु र सिक्नु पर्दछ । त्यसका लागि जनता र राष्ट्रका समस्या हल गर्ने अहिलेसम्मको सबैभन्दा विकसित वैज्ञानिक सामाजिक सिद्धान्त अर्थात मार्क्सवादकोआधारभूत ज्ञानको गहिरो र सघन अध्ययन तथा त्यस आधारमा अर्थ-सामाजिक-राजनीतिक -साँस्कृतिक स्थितिको बिश्लेषण र सश्लेषण गर्ने र सही निचोड निकालेर अघि बढ्ने क्षमता, दक्षता र निपूणता हासिल गर्न सक्नु पर्दछ । यसको अभावमा केवल हुल हाल जम्मा गरेर जाल झेलका आधारमा नेतागिरी गर्ने र त्यसलाई कम्युनिस्ट आन्दोलनको संज्ञा दिने र खोल ओढाउने कार्यले यस आन्दोलनको धेय र उदेश्य कदापि पूरा हुन सक्तैन । अरु देशको कुरा छोडेर हाम्रै देशको स्थितिले पनि यो यथार्थ निरन्तर औंल्याइरहेको छ ।

वास्तवमा कमरेड पुष्पलालका शब्द सापटी लिएर भन्ने हो भने 'कम्युनिस्ट आन्दोलन जनतालाई जगाउने, संगठितरूपमा उठाउने र उनीहरूका यूगौंदेखिका दुःख कष्टबाट मुक्त गरेर उनीहरूलाई नै अघि बढाउने एउटा उच्च मानवीय, नैतिकतायुक्त र अग्रगामी आन्दोलन हो । यसले जनता र देशले भोगिरहनु परेका समस्याहरूको पहिचान गराउँदछ र तिनको परिवर्तनको सही बाटो औंल्याउँदै तिनबाट मुक्ति पाउने आन्दोलनकारी ऊर्जा,उत्साह र शक्ति निर्माण गर्नुपर्ने आवश्यकताको बोध गराउँदछ' । त्यसैले यस आन्दोलनले समाज परिवर्तनको नियम - वर्ग संघर्ष, उत्पादन संघर्ष र वैज्ञानिक प्रयोगको शतत ज्ञान, शोषण उत्पीडनमा परेका जन समुदायलाई अनिवार्यरूपमा हरहमेशा दिइनु पर्ने कुरामा सदा सर्वदा जोड दिन्छ । समाज परिवर्तनको मूख्य इञ्जिन (प्राइम इञ्जिन) बर्ग संघर्ष हो किन भनिएको हो भन्ने कुराको आधारभूत र गम्भीर ज्ञान कम्युनिस्ट नेता कार्यकर्तामा अनिवार्यरूपमा हुनु पर्दछ भन्ने कुरा यसले निरन्तर औंल्याइरहेको र दर्शाइरहेको हुन्छ र हुनुपर्दछ ।

समाज र प्रकृतिका तमाम विकास र परिवर्तनहरू त्यस समाज र प्रकृति भित्रका अधिशासित नियम (गभर्निङ्ग ल अफ सोसाइटी एण्ड नेचर) अनुसार परिचालित हुन्छन् । ती कसैको मनोगत इच्छा आकांक्षा र कर बल या जोर जबर्जस्तीले हुने कुरा होइनन् । त्यसैले आफुलाई कम्युनिस्ट नेता तथा कार्यकर्ताकोरूपमा प्रस्तुत गर्न चाहने कसैले पनि समाज परिबर्तनका यी आधारभूत कुरालाई राम्रोसँग बुझ्न, ब्याख्या र विश्लेषण गर्न सिक्नु र सक्नु पर्दछ । त्यसै अनुसार समाज कुन चरण या उपचरणबाट किन गुज्रिरहेको छ भन्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याका कुरा खुट्ट्याउन सक्नु पर्दछ र अन्तरबिरोधको पहिचान र परिचालन गर्न सक्ने प्रवीणता हासिल गर्न सक्नु पर्दछ ।

मार्क्सवादी द्वन्दात्मक भौतिकवादी विश्व दृष्टिकोणले 'विपरीत तत्वको एकता र संघर्ष' कसरी हुन्छ भन्ने कुरालाई अघि सार्दछ, परिवर्तनले 'मात्रात्मकबाट गुणात्मक स्थितिमा फड्को मार्ने' कुरा कसरी हुन्छ भन्ने परिवर्तनको नियमलाई स्पष्ट पार्दछ र कसरी परिवर्तनको प्रकृयामा 'निषेधको निषेधको नियम'(ल अफ नेगेसन अफ नेगेसन) लागु हुन्छ भन्ने अत्यन्तै महत्वपूर्ण कुरालाई आत्मसात गर्नुपर्ने आवश्यकताको बोध गराउँदछ । यी आधारभूत र महत्वपूर्ण कुरा नबुझी नबुझाई कोही पनि कम्युनिस्ट हुन सक्तैन र कसैलाई पनि कम्युनिस्ट नेता कार्यकर्ता बनाउन पनि सकिदैन । तर यति अध्ययनले मात्र पनि पुग्दैन ।

परिवर्तनका यी आधारभूत नियमलाई सामाजिक व्यवहारमा कार्यान्वयन गर्न सदा तत्पर र क्रियाशील हुनु अझ बढी कम्युनिस्ट आन्दोलनका अभियन्ताका लागि आवश्यक छ ।यसले देश र जनताले भोगिरहेका समस्याहरूको गहिरो ज्ञान र ती समस्याबाट बाहिर निस्कने उपायहरूको निमित्त सघर्षको सही बाटो अख्तियार गर्न सक्नुपर्दछ भन्ने यथार्थलाई औंल्याउँदछ । वर्ग संघर्षलाई सही किसिमले नबुझ्ने, नबुझाउने र सर्वहारा वर्गको अधिनायकत्व किन आवश्यक छ भन्ने कुराको सही अर्थमा बोध नगर्ने कुनै पनि नेता कार्यकर्ता जुनसुकै र जतिसुकै ठूलो पदमा बसेर कम्युनिस्टको बिल्ला लगाए पनि र जतिसुकै कम्युनिस्टको 'रामनामी' जपे पनि कीमार्थ कम्युनिस्ट हुन सक्तैन । किनभने कम्युनिस्ट बन्नु भनेको एउटा असल आचरण, चिन्तन, चरित्रको अर्को नाम त हुँदै हो, त्यसमा पनि कम्युनिस्टले सबै किसिमका अन्धविश्वास, कुरीति, पाखण्ड, रहस्य र तिलस्मी किसिमका सबै अवैज्ञानिक कुराहरूको सदा सर्वदा पर्दाफास गरिरहनु पर्दछ । त्यो व्यवहारले देखाइरहनु पर्दछ । त्यसो नगरीकन शोषण र अन्यायको विरुद्ध कम्युनिस्ट आन्दोलन साँच्चो अर्थमा खडा हुन पनि सक्तैन र त्यसले जनताको विश्वास जित्न पनि सक्तैन । चुनाव मात्र जित्ने कम्युनिस्टको धेय हुँदा पनि होइन । यद्यपि त्यसलाई पनि त्यसका सीमा र सामर्थ्यहरूलाई बुझेर उच्च परिवर्तनका लागि जन चेतना जगाउन र जनतालाई अघि बढाउने आन्दोलनकारूपमा एउटा संघर्षको थलो या मञ्चकोरूपमा लिन सकिन्छ र लिनु पनि पर्दछ ।

यी तमाम कुराले प्रष्ट पार्दछन् कि कम्युनिस्ट हुन र रहिरहन सहज र सरल कुरा छैन । तर समाज र संसारका अगाडि साच्चै नै असल मान्छे बन्ने हो भने कम्युनिस्ट हुने बाटोमा अग्रसर हुनै पर्दछ भन्ने कुरा पनि त्यत्तिकै सत्य हो । किनभने कम्युनिस्ट आन्दोलनले शोषणयुक्त समाजबाट अगाडि बढेर विद्यमान समाजलाई शोषणमुक्त समाज बनाउने बाटो अख्तियार गरेको छ र त्यसै गर्नु पर्दछ भन्ने कुरामै यो आन्दोलन केन्द्रित छ, हुनुपर्दछ । यो आन्दोलन कुनै व्यक्ति विशेषको या समूह विशेषको पद, पैसा, प्रतिष्ठाका लागि नभएर वर्गीय शोषण र सामाजिक उत्पीडनबाट मुक्ति र सबै शोषित उत्पीडित जन समुदायको शतत प्रगतिको बाटोमा रहेका बिघ्न बाधाहरूलाई सदा सदाका निमित्त समाप्त पार्ने र त्यस्ता अबरोधहरूलाई निरन्तर पञ्छाउँदै जाने आन्दोलन हो ।

प्रष्ट छ, कम्युनिस्ट आन्दोलन कुनै रहर या बाध्यताको आन्दोलन नभएर समाज बिकास र प्रगतिलाई सही दिशा र गति दिने एउटा अनिवार्य र अपरिहार्य आवश्यकता हो । त्यसैले यसले तमाम मजदुर, किसान, महिला, यूवा-बिद्यार्थी, राष्ट्रिय पूँजीपति, तथाकथित दलित अर्थात शिल्पी समुदाय, जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक, सीमान्तीकृत, लोपोनमुख समुदायको पक्षमा समग्रमा आधारभूत जनताको साथमा खडा हुनु पर्दछ भन्ने यसको पहिलो र आधारभूत शर्त हो । यसको अभावमा यो जनताको आन्दोलन कदापि बन्न सक्तैन । वास्तवमा श्रमजीवी जनताको एकताको खोजी गर्नु र बिश्वका सम्पूर्ण श्रमजीवी जनता एक हौं भन्नुको अर्थ पनि त्यही नै हो । तर अहिले देशमा जनताको पक्षमा, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनताको पक्षमा खडा हुने कुरा नै एउटा साधारण ख्याल ठट्टा र हस्यौलीको कुरा जस्तो भएको या बनाइएको छ ।

किनभने कम्युनिस्ट भनिने कतिपय ठूला र साना पार्टीका नेता कतिपय कार्यकर्ताहरू समेत पनि कम्युनिस्ट चरित्रबाट नराम्रोसित स्खलित भएर यो अत्यन्तै गम्भीर महत्वको आन्दोलनलाई सामान्य मागिखाने भाँडोमा परिणत गर्ने र त्यसकै लागि ती पार्टीहरूमा तस्करी, कालोबजारी र दुइ नम्बरी धन्धा गर्नेहरूलाई समेत ढोका खुल्ला राखिएको छ र उनीहरूलाई रातो तुल ओछ्याएर स्वागत गर्न उद्यत रहने गरिएको छ । वास्तवमा 'विलाश र वैभव'को विल्कुलै गलत बाटोमा (केही अपवादलाई छाडेर)प्रायः सबै व्यक्तिहरू नै तल्लिन भएर लागेपछि नै कम्युनिस्ट आन्दोलनप्रति नेपालमा नकारात्मक स्थितिले पहिले कहिल्यैभन्दा आज झन् बढेर विकराल रूप लिएको हो । जसले गर्दा पारदर्शीता होइन, जाल झेल र तिकडमबाजीलाई नै कम्युनिस्ट हुँ भन्ने नेताहरूले अँगाल्ने र त्यसैमा महारत हासिल गर्ने गरेका छन् । जुन विल्कुलै गैर कम्युनिस्ट बाटो- कम्युनिस्ट आन्दोलनभन्दा एकदमै भिन्न पाटो हो । देश र जनताप्रति निष्ठा, त्याग र समर्पणको अभावका करण वास्तवमा आज कम्युनिस्ट आन्दोनलको प्रतिष्ठा,गरीमा र मर्यादामाथि नै अत्यन्तै ठूलो आँच पुगेको र पुगिरहेको छ ।

सामान्यतः नेपाली जन आन्दोलन र विशेषतः नेपाली कम्युनिस्ट आन्दोलन यस्ता यस्ता अवाञ्छित विकृति र विसंगतिहरूबाट बच्छ कि त्यसैमा फँस्छ त्यसले नै यसको भविष्य के कस्तो बन्छ भन्ने कुराको निर्धारण गर्दछ । नाम मात्र कम्युनिस्ट पार्टी राखेर सबै गलत कुरा गर्दै जाने हो भने त्यो कम्युनिस्ट आन्दोलन कीमार्थ हुन सक्तैन । त्यो कम्युनिस्टको नाममा देश र जनतालाई धोका दिने र अल्मल्याउने र ठग्ने अवाञ्छित प्रपञ्च मात्र हुन पुग्दछ । यो कम्युनिस्ट नैतिकताको कुरा विल्कुलै हुदैन र कदापि हुन सक्तैन । यो त बाटो बिराएर या जानी जानी झोडीतिर पस्ने र फँस्ने तथा फँसाउने कुरा मात्र कुरा हो । कम्युनिस्टको बिल्ला भिरेर जनतालाई झुक्याइदैमा जतिसुकै ठूलो पदमा पुगे पनि र जतिसुकै ठूलो संगठन बनाए पनि कोही पनि सही कम्युनिस्ट हुन सक्तैन । बरु 'नील वर्ण श्यालको कथा' दोहोरिने कुरा भने निश्चित प्रायः छ । नेपालका पछिल्ला राष्ट्रघाती कदमहरू एमसीसी, एसपीपी र त्यसका परिणामहरू के कसरी प्रकट भइरहेका छन् दिन प्रतिदिन उजागर हुँदै गइरहेको छ । जसको दुष्परिणाम खतरनाक हुने विश्वका अनुभवहरू हाम्रो सामुमा छन् । त्यसैले यतिबेला विगतको वस्तुनिष्ठ तर निर्मम समीक्षा गरेर सम्पूर्ण क्रान्तिकारी कम्युनिस्टहरू कार्यगत, सहकार्यगत, मोर्चागत र पार्टीगत जुन जुन स्तरमा सकिन्छ एकजुट हुनुको कुनै विकल्प छैन । यो नै आजको मूलबाटो हो । बढ्दो बाह्य हस्तक्षेपको सही ढंगले प्रतिरोध गर्न र जनतालाई खासगरी किसान मजदुर किसानलाई बिश्वासमा लिएर चल्ने यही एकीकृत आन्दोलनको बाटाबाटो मात्र कमरेड पुष्पलाललाई स्मरण गरेको पनि सार्थक हुन्छ । ४८औं स्मृति दिवसमा कमरेड पुष्पलाललाई लाल सलाम !

# मध्यपूर्वमा युद्ध, भारतमा भिडन्त नेपालका अभागी नेताको कारण असर र तनाव ?



● नारायण प्रसाद भण्डारी ●

**अन्तमा अहिले विश्व मै उथल पुथल गन्जा गोलको अवस्ता श्रृजना भै रहेको छ ।यो अबस्था आउनुमा प्रमुख हात साम्राज्वाद नै अगाडि छ ।साम्राज्यवादको अभियान परिचालित अर्न्तगतका हागाँ बिँगाको रुपमा कृयाशील रुपहरु जस्तै दलाल पुँजीवाद,एनजीओ,आइएनजीओ,बिचौलिया,मिटरब्याज च्याउँ उम्रे जस्ता लघुवित्त,नवउदारवाद,भूमणडलीकृत,उत्पादनमा ह्रस,मानव बेचबिखन र अर्काको बाँच्न पाउँने अधिकार माथिको हनन र हस्तक्षेप ,स्वतन्त्रता माथि को हमला,बुद्धि विवेकको प्रयोगको ठिक विपरीत हतियार प्रदर्शनको होडबाजी,ऐतिहासिक संरचनाहरुको नष्ट ,श्रमशोषण अन्याय अत्याचार,हत्या हिसां ,चोरी डकैती लुट ब्रम्ह्लुट ,अशुरक्षा लगायतका व्यभिचारी कुकार्यहरु सबै साम्राज्यावादकै मतियार साम्राज्यवाद लाई नै जोड बल उर्जा दिने कुकार्य समाजवाद विरोधी गतिविधि हुन् ।**

अहिले विश्वको परिवेश तनावै तनावमा छ । कतिबेला कहाँ के हुन्छ ? भन्न सकिन्न विश्वभर यस्तो अवस्था हुनमा कस्को हात छ ? किन विश्वनै अशान्तमा गुज्रिएको छ ? समय मै यी र यस्तै विषयको संश्लेषण विश्लेषण बहस गर्नु हामी सबैको कर्तव्य हो । यो भन्दा अगाडि भएको प्रथम दोस्रो विश्वयुद्ध फेरि पनि तेस्रो विश्व युद्धको तयारीका रूप रेखाहरू विश्वभर निरन्तर रूपमा भए गरेका विद्रोह मध्य पछिल्लो चरणमा बगंलादेशमा र नेपालमा भएको देशै खरानी बनाउँने दुःखद प्रकारको जेनजी विद्रोह यिनी सबै घटना क्रमको हात योजना षडन्यत्र साम्राज्यवाद नवउदारवाद विस्तारवाद भूमण्डली कृत एनजीओ आइएनजीओ दलाल पुँजिवाद को पूर्णतया हात छ भने यस्ता दुःखद घटना जन्माउनु जन्मिनुमा अवसर दिने काम सबै खाले भ्रष्टाचार कमीसन जनतामारा कर, महगीं, ज्यादती,सत्ताको उन्मात बेइमानी मनोमानी सहीद बेपत्ता अपांग जस्ता युद्ध क्रान्तिका लाल योद्धाको अपमानबाट नागरिक आजित भएकै कारण विश्वभर यस्ता घटना साम्य हुन पाएनन । जनताले मुक्तिको स्वाँस फेर्न पाएनन् । त्यसकारण मध्य पूर्वमा साम्राज्यवादको नाइके डोनाल ट्रमको आतंक भारतीय विस्तारवादको नाइके मोदीको भारतमा पटक पटक दुइ तिहाइको दम्भ तिनी सबैखाले अतिवादको असर नेपालमा भएको कुरा पुष्टि भैरहेको छ ,यस्मा दुइमत छैन ।अर्को कुरा साम्राज्यवाद भनेकै अशान्त युद्ध ठगी बेइमानी हत्या हिम्सा को खानी हो ।यी दलालहरू कहिल्यै शान्त रहदैनन शान्त भएर बस्न बाँच्न पनि दिदैन आफु भन्दा कमजोर गरिखाने वर्ग माथि आक्रमण गर्न पनि छोडदैनन् ।जहिले पनि केहि न केहि अवान्छित कृयाकलाप गर्नु नै यिनीहरूको धर्म र कर्तव्य हो भन्ने मान्यतामा रहन्छन् र अरुलाईपनि यस्तै तनावमा राखी रहन्छन् ।

ठिक यस्तै अवस्थाले प्रथम विश्व युद्ध निम्तायो ।यस्तै खाले घटना क्रमले दोस्रो विश्व युद्धको जन्म भयो । कुनै पनि नागरिक होस वा देश होस कसैको अधिनमा कसैको उपनिवेश सामन्त र निरङकुशको अकुंश भित्र रहन चाहन्नन् ।सबै स्वतन्त्र हुन चाहन्छन ।त्यसैले पहिले पनि स्वतन्त्रता कै संघर्षहरू थिए तिनै संर्घषहरू युद्धमा परिणत भएका थिए । अहिले पनि ठिक त्यहि संघर्ष विश्वका घटना परिघटना रूपमा अघि बढि रहेका छन । त्यतिबेलाका पात्र पनि यस्तै साम्राज्यवाद एवम् सामन्तवादका मतियारहरू नै थिए । अहिले पनि उनै मतियार हरूको जल्दो बल्दो बैस चढि रहेको छ । मध्यपूर्वको युद्ध भारतको कक्रोस र सरकारबीचको भिडन्त यो भिडन्तले चलो संसद भन्दै अघि बढेको छ भने विगतको बगंलादेशमा भएको हसिना लखेट अभियान जेनजीहरूको नाममा भएको थियो नेपालमा पनि पुराना पार्टी नेता को पत्ता साफ गर्ने थियो केही हद सम्म सफल भए ।

विश्व इतिहासलाई अध्यन गर्दा विश्वका महान दार्शनिक वैज्ञानिक सर्वहारा मजदुर गरि खाने वर्ग समग्रमा भन्दा वर्गीय मुक्तिका सर्घषहरूका अगुवा पथ प्रदर्शक मार्क्स, एगेंल्स, लेनिन, स्टालिन र माओले आफनो जीवन भरका इच्छा चाहना रहर खुशी व्यक्तिगत पारिवार आफन्त नाता गोता कसैको प्रवाह नगरी सिगों समाज लाई सामन्तवाद, निरङ्कुशता वाद, साम्राज्यवाद,दास स्वामी प्रथा,मालिक नोकर प्रथा,श्रम शोषणको उन्मूलन,महिला माथिको दमन शोषण अन्याय अत्याचार,जातिय बिभेद,रगं भेद,दलाल पुँजीवाद, भू स्वामी प्रथा,अतिरिक्त मूल्यमा ठगि, उत्पादनका श्रोत र उत्पादनका औजारमा गरि खाने बर्ग माथि पर्न गएको अन्याय अत्याचार ,गरिखाने सँधै गरिब बसि खाने खाने सधै धनाढय हुने को खाडल लगायतका दर्जनौं अन्याय अत्याचार विरुद्धमा न्यायको विगुल संसार भर फुक्दा ठगि खाने सामन्त दलालहरूको मुटु हल्लने गरि आखाँ र्तिमिराउने गरिका दर्जनौं युद्ध विद्रोह संघर्ष लाखौं क्रान्तिकारीहरूको बलिदानी एवं रगतले साटिएको लाल हँसिया हथौडा अकिंत झण्डाको जन्म भएको थियो साथै रगतले लेखिएको रगताम्य पोतिएको इतिहासका राता अक्षरले निर्मित पान्नाहरू कहिल्यै मेटिने छैनन् र मेटिन दिनु पनि हुँदैन ।अन्यथा ती महान दार्शनिक हरू माथि र लाखौं लाख सहीदहरूले ती धोकेवाज बेइमानी स्वार्थी अवसरवादी भ्रष्टाचारी सुदखोर सामन्तवादका पिछलग्गु जुझारु अर्थवादका पिपासु जस्ता पामर जस्ले युद्धमा धोका दिए र अरुको जिन्दगी माथि खेलवाड गरे त्यस्ता ब्यभिचारी बाँचेर पनि जिउँदा लाशहरू बनेका महाभूतहरूसँग प्रश्न गर्ने छन ?खोइ हाम्रो जीवन खोइ हाम्रो क्रान्ति ? भन्ने छन । ती महान दार्शनिक वैज्ञानिकहरूको समयमा पनि रुसको खुस्चेभ,चीनको ब्रेजनेभ, ल्यु साओचि, बुखारीन र राइकोभ, फ्रान्समा जन्मिएको प्रुधो, बेलायत मा जन्मेका रर्बट ओबेन, काल्पनिक समाजवादका उटोपिया एउटा द्वीपलाई समाजवादको सपना देख्ने सरटायर, कुख्यात शंकराचार्य जस्तालाई ध्वस्त पार्दै समाजवादी क्रान्तिका संघर्ष आन्दोलन को निरन्तरता दिनेहरू पनि त यही संसारमै थिए ।जस्तै गौतम बुद्ध, कपिल प्लेटो, एडमस्मिथ, लुइल्वा, हो चि मिन्ह, चेन्नाइजस्ता महान ब्यक्तित्वहरूको जन्म हुनु भनेको संसारका मजदुरहरूलाई विज्ञान र वैज्ञानिक बाटोमा हिडन मदत गरयो । जस्ले मार्क्सवादको जन्म र शंरक्षण समेतमा बल पुरायो ।यो नै महानता थियो ।

अन्तमा अहिले विश्व मै उथल पुथल गन्जा गोलको अवस्ता श्रृजना भै रहेको छ । यो अबस्था आउनुमा प्रमुख हात साम्राज्वाद नै अगाडि छ । साम्राज्यवादको अभियान परिचालित अर्न्तगतका हागाँ बिँगाको रूपमा कृयाशील रूपहरू जस्तै दलाल पुँजीवाद, एनजीओ, आइएनजीओ, बिचौलिया, मिटरब्याज च्याउँ उम्रे जस्ता लघुवित्त, नवउदारवाद, भूमणडलीकृत, उत्पादनमा ह्रस,मानव बेचबिखन र अर्काको बाँच्न पाउँने अधिकार माथिको हनन र हस्तक्षेप, स्वतन्त्रता माथि को हमला, बुद्धि विवेकको प्रयोगको ठिक विपरीत हतियार प्रदर्शनको होडबाजी, ऐतिहासिक संरचनाहरूको नष्ट, श्रमशोषण अन्याय अत्याचार, हत्या हिंसा ,चोरी डकैती लुट ब्रम्ह्लुट ,अशुरक्षा लगायतका व्यभिचारी कुकार्यहरू सबै साम्राज्यावादकै मतियार साम्राज्यवाद लाई नै जोड बल उर्जा दिने कुकार्य समाजवाद विरोधी गतिविधि हुन् ।

निचोड के हो त भन्दा अहिले मध्य पूर्वमा फेरि वार्ता भाडियो यो भाडिएको होइन साम्राज्यवाद भनेकै युद्ध हो । यिनी युद्ध बिना बाँच्न सक्दैन साम्राज्यवाद र युद्ध बिचको सम्बन्ध माछा पानीको जस्तो गाढा हुन्छ । त्यसकारण इरान र अमेरिकाबीचको शान्ति वार्ता नै थिएन ।सबै नौटंकी नाटकको प्रपन्च मात्र थियो बीचमा केही समय अमेरिकाले डुमिनी सर्पको खेल कहिले दुला भित्र कहिले दुला बाहिर गरेर झुक्याएर शक्ति सन्तुलन गरेर बलियो आक्रमण गर्ने योजान का साथ शान्तिवार्ताको कार्ड फालेर चीन लगाएतका विभिन्न देशको अवस्था बुझ्नका लागि स्थिगित गरेको मात्र थियो ।फेरि स्थिगित भएको युद्धले निरन्तरता पायो अचम्म मान्नु पर्ने कुनै कारण छैनन् । अर्को नयाँ भिडन्त भारतमा कक्रोच नामबाट चलिरहेको छ । त्यसको नेतृत्व कसले गरेको छ ?उ कहाँ बाट सन्चालित छ ?उ हाल सम्म कहाँ थियो ?यस्को वास्तविकता यस्तो छ । एकजना भारतमै जन्मेका ३० वर्षिय दिपके नामका युवा लामो समय अमेरिका मै थिए । हाल भारतमा चलिरहेको कक्रोच नामको आन्दोलनको नेतृत्व गर्न उनी अमेरिकाबाट भारतमा आए । यो आन्दोलनको रूप नाम जेसुकै भने पनि वास्तवमा यो पनि बंगला देश नेपाल जस्तै जेन्जेड जेन्जी विद्रोहको रूप हो । भारतमा मोदीले पत्रकार सम्मेलन नगरेरै १२ वर्ष बिताए मात्र आफनो फेबरको सामाजिक सन्जाल मार्फत साम्राज्य विस्तार गरेर शासन चलाएका थिए ।उनको विस्तारवादी नीतिमाथि साम्राज्यवादको आक्रमण बाट सत्ताच्युत गर्ने उद्धेश्यका साथ यो भिडन्त विद्रोह तर्फ मोडिदै अन्तिममा मोदीको सत्ता खोस्ने अभियानमा अघि बढेको छ । एक जना कुमार नामकी १९ वर्षिया युवतीले भनेकी छन । यो सरकारको रवैया देखेर रगत उम्लेर आउँछ भन्दै आक्रोस पोखेकी छन् । उनी पात्र मात्र हुन ।यो भनाइले भारतका लाखौं युवाको प्रतिनीधित्व गरेको छ। वास्तवमा अर्न्तआत्मा देखि भन्नु पर्दा चाए साम्रज्यवादी आन्दोलन होस चाए जेनजी कक्रोस चलो संसद भन्ने विद्रोह होस जो सुकैको आन्दोलन संसारका कुनै कुनामा चलोस त्यसको असर तनाव हरेक पक्षबाट नेपाल मै पर्छ ।जस्को सानो उदाहरण भिडन्तमा मोर्ने पहिले नेपाली त्यसपछि अरु हुन्छन । महगीं कालाबजारी दैनिक उपभोग्य वस्तु पेट्रोल डिजेल ग्याँस लगायतका अनिवार्य नभै नहुने अत्यावश्यक वस्तुको हाहाकार नेपाल मै हुन्छ ।रोजगारमा गएका लाखौं नेपाली माथि विपत्तिहरू आइ लाग्छन् । त्यसकारण नेपाललाई प्रत्यक्ष अप्रत्यक्ष असर एवम्ं तनाव निरन्तरता मै छ ।यसको अन्त्य हुन नेपाल स्वयं आत्म निर्भर हुनु पर्छ तर नेपालका नेता भनाउँदाहरू ठिक सन १८७९मा युक्रेनमा जन्मेका कुशल कम्युनिस्ट आन्दोलनका नेता मानिन्थे तर उनी सधै विचारमा अडिग नरहने सधै अस्थिरतामा रहने सधै नैराश्यतामा समय बिताउने प्राय भावनामा बग्ने भएकोले उनलाई अभागी नेता भनिन्थ्यो त्यस्तै हाम्रा नेपालका दलाल संसदिय व्यवस्थामा मरिहत्य गर्ने नेता अभागी भएकै कारण नेपाली वामपन्थी आन्दोलन सधै धरापमा पर्दै गयो ।सधै नेपाली जनता तनावमा बाँच्न बाध्य भयो । धन्यवाद ।

# भौतिकवाद के हो ? भौतिकवादी किन हुने ?–३



● प्रमोद धिताल ●

समाजमा दार्शनिक समन्वयको भ्रम पनि छ । कतिपय मानिसहरू दुई दर्शनबिच समन्वयको भ्रम दिने गर्छन् । भौतिकवादी दर्शनले जीवन र जगतका भौतिक पक्षहरूमा मात्र केन्द्रित छ । यसले मनोवैज्ञानिक, नैतिक, सांस्कृति तथा आचरणको पक्षलाई समेट्न नसकेको कारण अध्यात्मवादलाई जोडेर लैजानुपर्ने हास्यास्पद प्रस्ताव पेश गर्छन् । ज्ञानको क्षेत्रमा रहेको यो बचकाना तर्क हो । भ्रम र वास्तविकता अनि सही र गलतको बीचमा समन्वय हुँदैन, बरु संघर्ष हुन्छ । दार्शनिक अध्ययनको मूल प्रश्न नै चेतना प्राथमिक कि पदार्थ भन्ने हो । यी भनेका एक आपसमा विरोधी विचार हुन् । यी दुई दर्शनको बीचमा समन्वय असंभव छ ।

भौतिकवादी दर्शनको नैतिकता र आचरण भनेकै समाज हित, मानवको बहुमुखी मानसिक सांस्कृतिक विकास हो । यो कुरा बुझ्नका लागि भौतिकवादी दर्शनलाई आफ्नो राजनीतिक दर्शनका रूपमा स्विकार गर्ने व्यवस्थाहरूले गरेका बौद्धिक, सांस्कृति र नैतिक विकासहरूको इतिहास अध्ययन गर्न आवश्यक छ ।

***भौतिकवादी किन हुने ?***

गौतम बुद्धले अज्ञानतालाई दुःखको कारण बताउनुभयो । यसैगरी वैज्ञानिक भौतिवादका प्रवर्त्तक कार्ल मार्क्सले भन्नुभएको थियो-“अज्ञानताले कसैलाई फाइदा गरेको छैन र यो कैयौं विपत्तिहरूको कारण बन्नेछ ।”६ दर्शनको क्षेत्रमा स्थापित परम्परागत मान्यता र अभ्यासमाथि प्रश्न उठाउदै उहाँले यो पनि भन्नुयभो-“दार्शनिकहरूले विभिन्न तरिकाले विश्वको केवल व्याख्या गरेका छन्, तर प्रश्न विश्वलाई बदल्नु हो ।”७ यो नै त्यस्तो महत्वपूर्ण र सर्वाधिक उन्नत आधार हो जसले हामीलाई भौतिकवादी हुनुपर्छ भन्ने निश्कर्षमा पुऱ्याउँछ ।

समाज र जीवनमा यदि खराबीहरू छन् भने त्यसलाई बदल्नु अनिवार्य हुन्छ । यदि बदल्न अनिवार्य छ भने त्यसलाई बुझ्नु पनि अनिवार्य छ । ठीक ढंगले समाजलाई नबुझिकन यसलाई बदल्न सकिन्न । त्यो आधार भौतिकवाद नै हो जसले हामीलाई समाज बुझ्न र सही विश्वदृष्टिकोण निर्माणका लागि दिशासूचकको काम गर्छ ।

आज जतिसुकै हामी वैज्ञानिक र आधुनिक युगमा छौं भनेपनि पढेलेखेको शिक्षित जमात नै अतीतमुखी, सडेगलेका, थोत्रा भइसकेका विचारहरू बोकेर हिडेको छ । यसको एउटै कारण हो, आजको व्यवस्था अन्तर्गत जुन वर्ग सत्तामा छ त्यस्ता विचारहरूले उसलाई नै टिक्न र स्वार्थपूर्तिक लागि सघाउछन् । उसले शिक्षित, प्राविधिक, वैज्ञानिक, राजनीतिकर्मी र बौद्धिकहरू पनि आफू अनुकूलकै निर्माण गर्छ । अहिले हेऱ्यो भने राज्यसत्तादेखि तमाम समाजिक संस्थाहरूमा भौतिकवादी, धर्मनिरपेक्ष, प्रगतिशील र वैज्ञानिकभन्दा पनि सडेगलेका रुढिग्रस्त, अवैज्ञानिक, धार्मिक तथा उपभोक्तावादी विचारहरू नै फैलाउने काम भइरहेको छ । किनभने भौतिकवादी र वैज्ञानिक विचारहरूले त्यो वर्गको स्वार्थको हित गर्न सक्दैनन् ।

यसबाट प्रष्ट हुने कुरा हो-यदि हामी समाज र विद्यमान समस्याहरूप्रति जवाफदेही हुने हो भने भौतिकवादी हुनुको विकल्प छैन । यसले समाज र मानव जीवनमा विद्यमान समस्याहरूलाई वस्तुवादी ढंगले पहिचान गर्न र समाधानका लागि बाटो देखाउछ । यसका विपरित अध्यात्मवादले समस्याहरूलाई कुनै अलौकिक चेतनाको जिम्मामा छोडिदिएर जीवन र जगतदेखि पलायनको बाटो रोज्न लगाउँछ ।

आज विज्ञानको ठाउँमा छद्म विज्ञानले लिएको छ । जसले अवैज्ञानिक, रुढिग्रस्त, अन्धविश्वासमा आधारित भाग्यवादी गतिविधि, अभ्यास र परम्पराहरूलाई पनि विज्ञानमा आधारित भनेर अज्ञानताको खेती गर्छ । धार्मिक धन्दाहरूलाई नयाँ-नयाँ रूप-रङ्गहरूमा प्रबर्द्धन गरिदैछ । जसले मानिसलाई पहिलेभन्दा मानवीय, विवेकशील, तर्कशील र वैज्ञानिक विश्वदृष्टिकोणयुक्त भन्दा पनि थप रुढिग्रस्त, अन्धभक्त र अतीतमुखी बनाउदै लगिरहेको छ । यस्तो अवस्थाबाट समाजलाई मुक्त गर्न र एउटा वैज्ञानिक सोंचमा आधारित मानवीय समाज निर्माणका लागि मानिस भौतिकवादी हुन जरुरी छ । भौतिकवादी हुनुको अर्थ हो-वैचारिक भ्रम र भुलभुलैयाको संसारबाट आफूलाई मुक्त गर्नु । अवस्तुवादी, अवैज्ञानिक र भ्रममा आधारित ज्ञान(मिथ्या ज्ञान)बाट मुक्त भएर वस्तुवादी, वैज्ञानिक र यथार्थमा अधारित ज्ञानको दिशामा यात्रा गर्नु ।

हामीले चाहेर होस् या नचाहेर जन्मिसकेपछि सामाजिक प्रशिक्षणका माध्यमबाट सत्ताधारी विचारको प्रभाव स्वतः पर्न थाल्छ । आजका दिनमा त्यो सत्ताधारी विचार भनेको अध्यात्मवाद र उपभोक्तवादमा आधारित विचार हो । जसलाई प्रबर्द्धन गर्नु पूँजीवादको महत्वपूर्ण काम हो । यतिखेर अध्यात्मवाद र उपभोक्तावाद एउटै सिक्काका दुईवटा पाटाजस्तै छन् । त्यसकारण आजका बच्चाहरूमा पनि हामीले अतीतमुखी, भाग्यवादी र अध्यात्मवादी दर्शनको प्रभाव नै बढि देख्छौं ।

विद्यमान व्यवस्थामा धर्मनिरपेक्षता केबल फलाक्ने कुरा भएको छ । आज हरेक सामाजिक तथा शैक्षिक संस्थाहरूले बालबालिकाहरूलाई धार्मीक, रुढिवादी र अन्धविश्वासले भरिएको शिक्षा दिन्छन् । विद्यालयमा पुस्तकालय होस् नहोस्, पुस्तकालय भए पनि त्यसको सदुपयोग होस् नहोस् तर विद्यालयको प्रांगनमा हिन्दू धर्ममा आधारित मन्दिर अवश्य हुन्छ । हरेक दिन मन्दिरको निर्जीव मूर्तिलाइ ढोग्न लगाएर जहाँ प्रश्न र अनुसन्धानको होइन, आस्था र भक्तिको तालिम दिइन्छ । सरस्वती पूजाको दिन ज्ञान प्राप्तिको स्रोत सरस्वती देवी हुन् भन्ने प्रशिक्षण दिइन्छ । ईश्वरको नाममा विहानी प्रार्थना अपवादलाई छोडेर प्रायः शिक्षण संस्थाहरूमा गराइन्छ । यही हो भौतिकवादी विरोधी शिक्षा प्रणालीको विशेषता । भौतिकवादी शिक्षण प्रशिक्षणका लागि राज्य र सामाजिक संस्थाहरूले नै आफ्नो मार्गदर्शक विचारका रूपमा भौतिकवादलाई अंगालेको हुनुपर्छ । तर अहिलेको राज्य व्यवस्थाले यसको विपरित अध्यात्मवादलाई मलजल गर्ने काम गरिरहेको छ ।

हाम्रो सामु विद्यमान जीवन-जगतका बारेमा गरिने प्रश्नबाट भौतिकवादी बन्ने प्रक्रियाको सुरुवात हुन्छ । भौतिकवादको यात्रा सत्यको खोजी र मुक्तितर्फको यात्रा हो । तर त्यो यात्रामा रुकावट त्यतिखेर आउछ जब हामी व्यवहारबाट कटेर भौतिकवादी बनिन्छ भन्ने भ्रम पाल्न थाल्छौं । बौद्धिक-मानसिक संघर्ष र जीवनका सबै पक्षहरूमा भौतिकवादी आचरण यसले माग गर्ने कुरा हो । यदि हामीले यो पक्षलाई अपहेलना गर्छौं भने प्रतिक्रियावादी दर्शनले मन्द विषलेझैं विचलित बनाएको हामी स्वयंलाई थाहा हुँदैन । तसर्थ भौतिकवादी बन्नुको अनिवार्य शर्त हो-बौद्धिक संघर्ष र सिद्धान्त-व्यवहारबिचको दोहरो सम्बन्धलाई गम्भीरतापूर्वक आत्मसात गर्नु । हामीले कुनै पनि भौतिकवादी पुस्तक पढेर या प्रशिक्षण लिएर मात्र आफूलाई भौतिकवादी बनाउन सक्दैनौ । एउटा भौतिकवादीको समग्र जीवनका लागि त्यो एउटा पक्ष मात्र हो । भौतिकवादको सही ज्ञान र त्यो अनुरूपको आचरणले मात्र भौतिकवादी हुन सम्भव छ ।

न्याप्रेमी, श्रमजीवी वर्ग र समाज रूपान्तरणका पक्षपातिहरूकाका लागि संसार भौतिकवादभन्दा अर्को कुनै सही वैचारिक हतियार छैन । भौतिकवादको गहन अध्ययन, यसको ज्ञानमा आधारित विश्दृष्टिकोणले नै हामीलाई आफ्नो दिशा र अवस्थाको निर्धारण गर्नका लागि कम्पासको काम गर्छ ।

समाप्त

***सन्दर्भ सामग्री***


१. द्वन्द्वात्मक भौतिकवाद क्या है ?, वसीली क्रापीविन, प्रगति प्रकाशन मास्को, १९८६
२. व्यक्ति क्या है ?, ग.गिरिलेन्को, ल.कोर्शुनोवा प्रगति प्रकाशन मास्को
३. दर्शन भनेकै के हो ?, श्रेष्ठ श्याम, मूल्यांकन मासिक, पूर्णांक ५७, बैशाख-जेठ, २०५५, मूल्यांकन प्रकाशन गृह, काठमाडौ
४. द्वन्द्वात्मक भौतिकवाद क्या है ?, वसीली क्रापीविन, प्रगति प्रकाशन मास्को, १९८६
५. भौतिकवाद और अनुभवालोचना, वी.आई. लेनिन, प्रकाशन संस्थान, दिल्ली
६. Reminiscences of Marx and Engels, Niranjan Deb, New Delhi, 2022
७. फायरबाख पर निबन्ध, कार्ल मार्क्स, फ्रेडरिक एंगेल्स, संकलित रचनाएँ, तीन खंडो में, खंड १, भाग १, प्रगति प्रकाशन, मास्को, १९७८


*(२०८३ असार ६ गते भौतिकवादी समाज दाङद्वारा आयोजित विचारगोष्ठीमा प्रस्तुत कार्यपत्र)*

# राष्ट्रियता, प्रतिरोध र सर्वहारा वर्गीय मानवतावादको त्रिवेणी : 'जङ्गे पिलरहरु' कवितासङ्ग्रह



● डा. चतुर्भुज केवरत ●

जङ्गे पिलरहरू (२०६७) प्रगतिवादी कवि पूर्णबहादुर अधिकारी (२०१२) को गद्य कवितासङ्ग्रह हो। यस सङ्ग्रहमा कविता, तान्का र हाइकु गरी तीन किसिमका साहित्यिक सामग्री रहेका छन्। प्रस्तुत कवितासङ्ग्रहमा पञ्चायतकालदेखि जनयुद्धोत्तर कालसम्मका सामाजिक, आर्थिक, सामाजिक राजनीतिक विषयवस्तुको प्रस्तुति पाइन्छ। यस सङ्ग्रहमा नेपाली समाजमा विद्यमान वर्गीय असमानताको कलात्मक चित्रण गरिएको छ। समीक्ष्य कवितासङ्ग्रहमा पञ्चायतकालदेखि प्रजातन्त्र पुनर्बहालीकाल र जनयुद्धकालसम्म राज्यले नागरिक र राजनीतिकर्मीमाथि गरेका दमन, अन्याय, अत्याचार, विभिन्न खालका प्रताडनाको यथार्थपरक चित्रण गरिएको छ। नेपालमा विगत लामो समयदेखि जनमुक्तिका लागि लडेका सहिदका सपना बाम नेतृत्व पङ्क्तिका अवसरवादी मानिसका कारण पूरा हुन नपाएका तथ्यको प्रकटीकरण पाइन्छ। नेपाल भूगोलमा सानो भए पनि यसको आफ्नै गरिमा रहेको कविको ठहर छ।

कवि अधिकारीले कविताका माध्यमबाट राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाभिमानका विषयवस्तुको कलात्मक प्रयोग गरेको पाइन्छ। उनका कवितामा जन्मभूमिप्रतिको अगाध श्रद्धाभाव प्रकट भएको पाइन्छ। यस सङ्ग्रहभित्रका धेरै कवितामा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी'को रागात्मक गायन पाइन्छ। कविले यसअन्तर्गतका कवितामा नेपालका साँध सिमानाका पिलरहरू सारिएर देशको भूगोल साँघुरिदै गएकोमा चिन्ता व्यक्त गरेका छन्। कविताहरूमा छिमेकी राष्ट्रको हेपाहा र मिचाहा व्यवहारको घोर विरोध गरिएको छ। यस सङ्ग्रहका कवितामा राष्ट्रप्रेमको महिमागान गरिएको पाइन्छ। आलोचनात्मक चेत भएका कवि अधिकारीले कवितामार्फत् सामन्त, शासकवर्ग, साम्राज्यवादी र विस्तारवादी शक्तिका सशक्त प्रतिरोध गरेका छन्। उनका कवितामा नेपालको पारिवारिक राजतन्त्रात्मक शासन पद्धतिको प्रखर विरोध गरेको पाइन्छ। प्रस्तुत कवितासङ्ग्रहका कवितामा नागरिकका उन्मुक्ति र जनवादका लागि प्राणोत्सर्ग गर्ने सहिदका त्याग र बलिदानीको मुक्तकण्ठले प्रशंसा गरिएको छ। वर्गशत्रू विरुद्धका आँट, साहस, मुक्तिगामी चेत, जोदाहापन, र जोखिमपूर्ण सङ्ग्राम लड्ने सहिदहरूलाई




ग्रीकको मिथकीय पात्र प्रमिथसको संज्ञा दिइनु उनीहरूकाप्रति उच्च मूल्याङ्कनका साथै सम्मान पनि हो। जनमुक्तिका लागि लड्दै गरेका योद्धालाई तत्कालीन राज्यसत्ताले क्रुर, नृशंस र अमानवीय व्यवहार गरी हत्या गरेकाले तत्कालीन राज्यसत्ताप्रति घृणाको भाव प्रकट भएको छ।

समीक्ष्य कवितासङ्ग्रह भित्रका कवितामा स्वदेशी तथा विदेशी शासकवर्ग र साम्राज्यवादी, विस्तारवादी शक्ति राष्ट्रका असमान र मानवद्वेषी व्यवहारप्रति वितृष्णाका साथै सशक्त प्रतिरोधी भाव अभिव्यञ्जित भएको छ। पश्चिमा साम्राज्यवादी शक्तिराष्ट्रहरूले सामरिक शक्तिको प्रयोग गरेर मध्य एसियाली राष्ट्रहरूमा प्रभुत्व विस्तार गरी अधीनस्थ राष्ट्रका प्राकृतिक स्रोतसाधनको बेरोकटोक दोहन गरेकाप्रति कविको आक्रोश भाव मुखरित भएको छ। शक्तिराष्ट्रका बलप्रयोगका कारण कमजोर राष्ट्रका बालबृद्ध, वनिता कष्टकर जीवन बाँच्न बाध्य भएका र शान्ति खलबलिएको तथ्यको खोलुवा गरिएको छ। यस सङ्ग्रहभित्रका कवितामा विश्वका कुख्यात, मानवताका कट्टर शत्रूका घटिया र मानवताविरोधी गतिविधिको खुलेर विरोध गरिएको छ। कविले इतिहासमा मानव र मानवताका भद्दा मजाक उडाउने क्रुर शासकहरू अतीतका गर्तमा विलीन भइसकेका तथ्य प्रस्तुत गरेका छन्। उनका कतिपय कवितामा वैश्विक तहमा चिरशान्तिको कामना गरिएको पाइन्छ। हत्या, हिंसा, आगजनी, लुटजस्ता आततायी घटनाहरूले मानवहित नहुने कविको निष्कर्ष रहेको छ। समाज, राष्ट्र र वैश्विक स्तरमा समेत शासकवर्गले आधारमा कब्जा जमाएकाले सामाजिक न्याय हुन नसकेको कविको ठहर रहेको छ।

कवि अधिकारीले समाज, राष्ट्र र वैश्विक तहका शोषित, उत्पीडित सर्वहारावर्गको सत्ता आवश्यक रहेको कवितामार्फत् बताएका छन्। कविले सर्वहारा वर्गीय मानवतावादको पक्षमा वकालत गरेको पाइन्छ। यस सङ्ग्रह भित्रका कवितामा वर्गविचलन र वर्गहन्ताप्रति रोष प्रकट गरिएको छ। समीक्ष्य कवितासङ्ग्रह भित्रका धेरैजसो कवितामा उत्पीडित, सर्वहारावर्गको हितका लागि सशक्त किसिमबाट कविता रचिएको छ। समीक्ष्य कवितासङ्ग्रहमा ताङ्का शीर्षकमा विविध विषयका १२ वटा ताङ्का समाविष्ट छन्। त्यसैगरी यस सङ्ग्रहमा हाइकु शीर्षकमा फरक फरक विषयवस्तुका १० वटा हाइकु रचिएका छन्। बिम्ब र प्रतीकका प्रयोगले कविताका वैशिष्ट्यमा वृद्धि गरेको छ। कवितामा अन्तरलयको उचित प्रयुक्तिले शब्दनिनादमा वृद्धि गरेको छ। ताङ्का र हाइकुबाहेक ३३ वटा विविध शीर्षकका गद्ध कविता समाविष्ट प्रस्तुत कवितासङ्ग्रह पठनीय र सङ्ग्रहणीय रहेको छ।

---

## पुष्पलालको...

उहाँको विशेषता केवल क्रान्तिको सपना देख्नु होइन, त्यसलाई वैज्ञानिक सिद्धान्त, ऐतिहासिक विश्लेषण र नेपाली यथार्थसँग जोडेर कार्यदिशा निर्माण गर्नु थियो। उहाँले मार्क्सवादलाई यान्त्रिक रूपमा नक्कल गर्नुभएन, नेपालको इतिहास, सामाजिक संरचना, आर्थिक सम्बन्ध, वर्गीय अवस्था र राष्ट्रिय स्वाधीनताका प्रश्नलाई मार्क्सवादी पद्धतिबाट मौलिक ढंगले विश्लेषण गर्नुभयो।

उहाँले नेपाली समाजलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्रको समाजका रूपमा व्याख्या गर्दै नयाँ जनवादी क्रान्तिको कार्यदिशा प्रस्तुत गर्नुभयो। यसको तत्कालीन लक्ष्य राष्ट्रिय स्वतन्त्रता, जनतान्त्रिक अधिकार र सामन्तवादको अन्त्य तथा दीर्घकालीन लक्ष्य समाजवाद र साम्यवादतर्फको यात्रा थियो। यही मौलिक विश्लेषणले नेपाली कम्युनिस्ट आन्दोलनलाई आफ्नै माटोमा उभ्यायो र पुष्पलाललाई नेपाली मार्क्सवादका पहिलो मौलिक व्याख्याकारका रूपमा स्थापित गरायो।

*२००६ सालमा नेकपा स्थापना र घोषणापत्र*

वि।सं। २००६ साल वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो। यो केवल अर्को राजनीतिक दलको जन्म थिएन, नेपालको राजनीतिक इतिहासमा वैज्ञानिक समाजवादको औपचारिक प्रवेश थियो। त्यससँगै प्रकाशित पार्टीको घोषणापत्र नेपाली कम्युनिस्ट आन्दोलनको आधारभूत वैचारिक दस्तावेज बन्यो।

घोषणापत्रले नेपालको वर्गीय चरित्र, आर्थिक संरचना, राजनीतिक अवस्था र अन्तर्राष्ट्रिय प्रभावको वैज्ञानिक विश्लेषण गर्दै राष्ट्रिय स्वाधीनता, सामन्तवादको अन्त्य, जनताको लोकतान्त्रिक अधिकार, किसान-श्रमिकको नेतृत्व तथा सामाजिक न्यायमा आधारित नयाँ राज्य निर्माणको स्पष्ट कार्यदिशा प्रस्तुत गर्‍यो। राजतन्त्र शक्तिशाली रहेको समयमा पनि यसले जनसार्वभौमिकतालाई केन्द्रमा राख्दै लोकतान्त्रिक गणतन्त्रको वैचारिक आधार निर्माण गर्‍यो।

वि।सं। २००५ सालमै पुष्पलालले विश्वप्रसिद्ध कम्युनिस्ट घोषणापत्र नेपालीमा अनुवाद गरी नेपाली पाठकलाई अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनसँग परिचित गराइसक्नुभएको थियो। त्यसको एक वर्षपछि नेपाली यथार्थअनुकूल घोषणापत्रसहित नेकपा स्थापना गर्नु उहाँको असाधारण वैचारिक दूरदर्शिताको परिचायक थियो। पहिलो र दोस्रो महाधिवेशनसम्म उहाँका विचार अनुमोदित भए पनि अवसरवादी र करियरवादी प्रवृत्तिका कारण उहाँ नेतृत्वमा पुग्न सक्नुभएन। अन्ततः वि।सं। २०१९ सालको तेस्रो महाधिवेशनमा उहाँ अल्पमतमा पर्नुभयो।

वि.सं. २०१९ सालपछिको वैचारिक विवादका बीच पुष्पलाल श्रेष्ठले प्रस्तुत गर्नुभएको 'मूल बाटो' लाई वि।सं। २०२५ सालमा उहाँकै नेतृत्वमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलनले नेपाली क्रान्तिको राजनीतिक मार्गदर्शक दस्तावेजका रूपमा औपचारिक मान्यता दियो।

सम्मेलनले नयाँ जनवादी क्रान्तिलाई नेपालको क्रान्तिको कार्यदिशा तथा मार्क्सवाद-लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा पुनः पुष्टि गर्‍यो। साथै, सामन्तवाद, निरंकुश राजतन्त्र र साम्राज्यवादविरुद्ध लोकतान्त्रिक, देशभक्त, वामपन्थी तथा नेपाली कांग्रेसलगायत परिवर्तनकारी शक्तिसँग न्यूनतम साझा कार्यक्रमका आधारमा संयुक्त मोर्चाको नीति अवलम्बन गर्दै सिद्धान्तमा आधारित कम्युनिस्ट एकता, सामूहिक नेतृत्व, संगठनात्मक अनुशासन र जनआधारित आन्दोलनको आधार निर्माण गर्‍यो।

यसरी 'मूल बाटो' नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक पुनर्गठनको घोषणापत्रका रूपमा स्थापित भयो। व्यक्ति होइन नीति, सिद्धान्त र जनहितलाई केन्द्रमा राख्ने यसको दृष्टिले अवसरवाद, गुटवाद र व्यक्तिपूजाविरुद्ध सिद्धान्तनिष्ठ आन्दोलन निर्माणको स्पष्ट मार्गदर्शन गर्‍यो। यही कारण 'मूल बाटो' आज पनि पुष्पलालको सबैभन्दा मौलिक, परिपक्व र सान्दर्भिक वैचारिक योगदानका रूपमा सम्मानित छ।

*जनआन्दोलन इतिहासले प्रमाणित गरेको दूरदर्शी कार्यदिशा*

पुष्पलाल श्रेष्ठको राजनीतिक दूरदृष्टिको सबैभन्दा महत्त्वपूर्ण योगदान निरंकुश व्यवस्थाविरुद्ध संयुक्त जनआन्दोलनको अवधारणा हो। यो तत्कालीन राजनीतिक कार्यनीति मात्र होइन, नेपाली समाजको वस्तुगत यथार्थको वैज्ञानिक विश्लेषणबाट विकसित रणनीतिक कार्यदिशा थियो। नेपालजस्तो बहुवर्गीय र बहुजातीय समाजमा लोकतान्त्रिक परिवर्तन कुनै एक दलबाट सम्भव हुँदैन भन्ने निष्कर्षका आधारमा उहाँले लोकतान्त्रिक, प्रगतिशील र देशभक्त शक्तिहरूबीच न्यूनतम साझा उद्देश्यमा आधारित राजनीतिक एकताको आवश्यकता औँल्याउनुभयो।

२०१७ सालको प्रतिगमनपछि धेरै कम्युनिस्ट धाराहरू एकल संघर्ष वा सशस्त्र विद्रोहतर्फ उन्मुख भइरहेका बेला पुष्पलालले व्यापक संयुक्त जनआन्दोलनको नीति अघि सार्नुभयो। कतिपयले यसलाई संशोधनवाद भने पनि उहाँका लागि यो वर्गसंघर्षको परित्याग होइन, तत्कालीन मुख्य अन्तरविरोधको सही पहिचानमा आधारित यथार्थवादी रणनीति थियो। इतिहासले पनि उहाँको दृष्टिलाई सही सावित गर्‍यो। २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गर्‍यो भने २०६२र०६३ को संयुक्त आन्दोलनले राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्‍यो। यसरी संयुक्त जनआन्दोलनको अवधारणा नेपाली इतिहासले प्रमाणित गरेको दूरदर्शी राजनीतिक कार्यदिशा बन्यो।

*पुष्पलालदेखि मदन भण्डारीसम्म : वैचारिक विकासक्रम*

पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी र मदन भण्डारी नेपाली कम्युनिस्ट आन्दोलनका परस्पर पूरक तीन वैचारिक शिखर हुन्। पुष्पलालले आन्दोलनको वैचारिक आधारशिला, नयाँ जनवादी क्रान्तिको कार्यदिशा, संयुक्त संघर्ष र राष्ट्रिय स्वाधीनताको मार्ग निर्माण गर्नुभयो। मनमोहन अधिकारीले त्यसलाई जनआधारित शासन, लोकतान्त्रिक अभ्यास र जनविश्वासमार्फत व्यवहारमा स्थापित गर्नुभयो। बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा मदन भण्डारीले जनताको बहुदलीय जनवाद ९जबज० प्रतिपादन गर्दै समाजवादलाई बहुदलीय प्रतिस्पर्धा, नागरिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता र जनसहभागितासँग जोडेर युगानुकूल वैचारिक विकास गर्नुभयो।

आज वाम आन्दोलन वैचारिक अस्पष्टता, संगठनात्मक शिथिलता, व्यक्तिवाद, गुटवाद र जनविश्वासको संकटसँग जुधिरहेका बेला पुष्पलालको मूल मान्यता-"पार्टी नीति प्रधान हो, नेता प्रधान होइन"-झन् सान्दर्भिक बनेको छ। त्यसैले यी तीन व्यक्तित्वलाई प्रतिस्पर्धी होइन, नेपाली मार्क्सवादको विकासक्रमका परस्पर पूरक शिखरका रूपमा बुझ्नु नै इतिहासप्रतिको न्याय हो।

नेपाली कम्युनिस्ट आन्दोलन स् उपलब्धि, चुनौती र पुनर्जागरण

नेपाली कम्युनिस्ट आन्दोलनले राणाशाहीविरुद्धको संघर्ष, पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय लोकतन्त्रको पुनःस्थापना, राजतन्त्रको अन्त्य, संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान निर्माणजस्ता ऐतिहासिक उपलब्धिहरू हासिल गरेको छ। तर विगतका उपलब्धिले मात्र भविष्य सुनिश्चित गर्दैन। आन्दोलनको वास्तविक शक्ति बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय यथार्थअनुसार आफूलाई वैचारिक, राजनीतिक र संगठनात्मक रूपमा रूपान्तरण गर्न सक्ने क्षमतामा निहित हुन्छ।

आज एमाले, माओवादी तथा अन्य वाम शक्तिका चुनौतीहरू फरक देखिए पनि तिनको साझा जरा वैचारिक अस्पष्टता, संगठनात्मक अनुशासनको क्षय, जनतासँगको सम्बन्ध कमजोर हुनु, सत्ता-केन्द्रित राजनीति, भ्रष्टाचार, अवसरवाद, व्यक्तिवाद र गुटवाद हुन्। यता कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, जलवायु संकट, युवाको वैदेशिक पलायन र बढ्दो असमानताले नयाँ सामाजिक तथा वर्गीय चुनौती सिर्जना गरेका छन्। यस्ता परिस्थितिमा पुष्पलालले आफ्नो समयको यथार्थलाई वैज्ञानिक ढंगले विश्लेषण गरी नयाँ कार्यदिशा निर्माण गरेझैँ आज पनि युगानुकूल विचार, नीति, संगठन र नेतृत्वको पुनर्निर्माण नै आन्दोलनको पुनर्जागरणको आधार बन्न सक्छ।


*पुष्पलालको दृष्टिमा संकट, पुनर्गठन र भविष्य*

पुष्पलाल आज जीवित हुनुहुन्थ्यो भने उहाँले वर्तमान संकटलाई कुनै व्यक्तिको असफलता होइन, वैचारिक विचलन, संगठनात्मक संस्कृतिको क्षय र नेतृत्वको चरित्रसँग जोडिएको ऐतिहासिक चुनौतीका रूपमा विश्लेषण गर्नुहुन्थ्यो। उहाँका लागि संकट दर्शनमा होइन, विचारमास संगठनमा होइन, संगठनात्मक संस्कृतिमास र नेतृत्वमा होइन, नेतृत्वको चरित्रमाथियो। बाँकी ७ पृष्ठमा

---

❑ यो साता कविता

## महाअष्टमी



❑ खगेश्वर भण्डारी

*ज्युँदाको करले पुग्दै पुगेन*
*लासको पनि कर चाहिन्छ*
*तलबको तरले पुग्दै पुगेन*
*भत्ताको पनि भर चाहिन्छ*
*कर उठाऊ टन्न खाऊ*
*दुई तिहाइको डर देखाऊ*
*प्रत्येक दिन तिम्रा लागि*
*दशैंको अष्टमी छ।*

*बलिमा चढेका जेन्जीको*
*कसैले टाउको समाऊ*
*कसैले हँकुलो उछिट्याऊ*
*कसैले मुटुकलेजो*
*कसैले रगतको*
*भोज पकाऊ*
*त्यतिले पुगेन होला*
*सम्पत्ति बेचेर*
*अस्पताल भर्ना भएका बिरामी*
*शिशुकेन्द्रका नानीहरुबाट*
*सक्दो कर उठाऊ*
*आफ्नो भत्ता बढाऊ*
*टन्न खाऊ*
*तिमीहरुलाई अष्टमी आएको छ।*

*भोज गर*
*मोज गर*
*कसैले चुइँक्क बोल्यो भने*
*जेल तिम्रै हातमा छ*
*नेल तिम्रै साथमा छ*
*बन्दुक तिम्रै इसारामा चल्छ*
*चपक्क समाऊ*
*कैदी बनाऊ*
*अश्लील गाली*
*छाडा बोलीको*
*वर्षा गराऊ।*
*अराजक र तर्कहीन*
*एल्गोरिदम शिक्षाको*
*हाँगाबिगा र जरा फिजाऊ*
*सत्ताको भत्तामा राज चलाऊ*
*जति खानु छ खाऊ*
*तिमीलाई महाअष्टमी आएको छ*
*खाऊ र उठाऊ।*


*२०८३/०४/०४, मुसीकोट, रूकुम*

---

## कृष्ण सेन इच्छुकको सम्झना



❑ गोपालबाबु मरहट्ठा



शोषित पीडित श्रमिकका आवाज तिमीले उठायौ २०८४।०४।१६
विचारको तिम्रो अजेय शक्ति सबैलाई जुरायौ !
क्रान्तिका उज्वल प्रतीक तिमी अमर छौ जनमा
सम्झना तिम्रो अमिट छ है मान्छेका मनमा !!
निर्दयी सत्ता ढाल्नका लागि तिमीले के गरेनौ
बैरीका सामु नझुकी बस्यौ कहिल्यै डरेनौ !
सामन्ती शोषण व्यवस्थाभित्र मान्छेका क्रन्दन
सुनेर लेख्यौ अक्षरको आगो बल्यो नि दन्दन !!
पसिना पोख्ने श्रमिक साथी अक्षरमा लेखेर
क्रान्तिमा अक्षर लेखेर उठ्यौ अन्याय देखेर !
स्वरमा स्वर थपेर तिमीले मान्छेलाई जगायौ
न्यायको निम्ति सङ्घर्ष गर्दै क्रान्तिलाई सजायौ !!
आकाङ्क्षा ठूलो थियो ति ! मित्र शत्रुको घेरामा
सैनिक ताच्यो जनताको आँगन घर र डेरामा !
हाँसेर तिल्यौ साहसी योद्धा जीवन गोलीमा
देखेर लाश आफन्त जनका जङ्गल र खोल्सीमा !!
क्रान्तिको बाटो हिँडायौं साथी त्यो बाटो हिँड्नेछौं हिँडौंला
जनताका दुश्मन जागे छन् अझै तिनसँगै भिडौंला !
चेतना दीप जगाइ हामी जनतालाई उठाई
गर्ने छौं यात्रा मुक्तिको निम्ति तिनलाई जुटाई !!

## पुष्पलालको...

सिद्धान्तभन्दा सत्ता, संगठनभन्दा गुट, जनताभन्दा नेता र त्यागभन्दा पदलाई प्राथमिकता दिने प्रवृत्तिले आन्दोलनको मूल उद्देश्य कमजोर बनाएको उहाँको निष्कर्ष हुन्थ्यो ।

त्यसैले उहाँका लागि पुनर्गठन भनेको नेतृत्व परिवर्तन होइन, वैचारिक, राजनीतिक, संगठनात्मक र नैतिक पुनर्जागरण थियो । यसको आधार इमानदार आत्मसमीक्षा, वैज्ञानिक चिन्तन, सामूहिक नेतृत्व, संगठनात्मक अनुशासन, जनतासँगको जीवन्त सम्बन्ध, नैतिक राजनीतिक संस्कृति र सिद्धान्तमा आधारित कम्युनिस्ट एकता थियो ।

युवापुस्ताका लागि उहाँको सन्देश पनि स्पष्ट थियो-कम्युनिस्ट हुनु भनेको उद्धरण कण्ठ गर्नु होइन, समाजलाई वैज्ञानिक दृष्टिले बुझ्नु, सत्यप्रति इमानदार रहनु, जनताको पक्षमा दृढतापूर्वक उभिनु तथा अनुशासन, सादगी र नैतिकतालाई जीवनमा उतार्नु हो । इतिहास बदल्ने शक्ति नारामा होइन, सही विचार, उच्च आचरण र जनप्रतिबद्धतामा निहित हुन्छ ।

***आजको डिजिटल युगमा पुष्पलालको विचारको सान्दर्भिकता***

आज विश्व कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि, जलवायु परिवर्तन, विश्वव्यापी पूँजीको विस्तार र तीव्र वैश्वीकरणको नयाँ युगमा प्रवेश गरिसकेको छ । यस्तो परिवर्तित परिवेशमा पुष्पलाल श्रेष्ठका विचारलाई अक्षरशः दोहोर्‍याएर होइन, उहाँले अवलम्बन गर्नुभएको वैज्ञानिक, यथार्थवादी र सिर्जनशील मार्क्सवादी चिन्तनपद्धतिलाई समयअनुकूल विकसित गरेर मात्र सान्दर्भिक बनाउन सकिन्छ । नेपाली समाजको बदलिँदो वर्गीय संरचना, डिजिटल अर्थतन्त्र, युवाको वैदेशिक पलायन, बढ्दो सामाजिक-आर्थिक असमानता, जलवायु संकट र राष्ट्रिय स्वाधीनतामाथि देखिएका नयाँ चुनौतीहरूको वैज्ञानिक विश्लेषण गर्दै जनताको हितमा नीति निर्माण गर्नु नै पुष्पलालको विचारप्रतिको वास्तविक सम्मान हो । उहाँको मूल सन्देश विचारलाई जीवन्त राख्ने, राष्ट्रिय हितलाई सर्वोपरि मान्ने, जनतालाई परिवर्तनको केन्द्रमा राख्ने र बदलिँदो युगअनुसार आन्दोलनलाई निरन्तर रूपान्तरण गर्ने थियो । यही दृष्टिकोण आज पनि नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक पुनर्जागरण र भविष्य निर्माणको सबैभन्दा सान्दर्भिक मार्गदर्शन हो ।

***निष्कर्ष***

पुष्पलाल श्रेष्ठले नेपाली कम्युनिस्ट आन्दोलनलाई वैज्ञानिक विचार, स्पष्ट राजनीतिक दिशा र दूरदर्शी नेतृत्व प्रदान गर्नुभयो । उहाँप्रति सच्चा श्रद्धाञ्जली भनेको उहाँका दस्तावेज वा उद्धरण दोहोर्‍याउनु होइन, उहाँले प्रतिपादन गर्नुभएको वैज्ञानिक, यथार्थवादी र सिर्जनशील चिन्तनलाई आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल व्यवहारमा उतार्नु हो ।

जनतालाई आधारमा, नैतिकतालाई राजनीतिक संस्कृतिको आत्मा र राष्ट्रिय हितलाई मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित गर्दै वैचारिक तथा संगठनात्मक पुनर्गठन, कम्युनिस्ट एकता, सुशासन, आत्मनिर्भर विकास र जनउत्तरदायी राजनीतिक अभ्यासलाई अघि बढाउन सक्यो भने आन्दोलन पुनः जीवन्त, विश्वसनीय र परिवर्तनकारी शक्ति बन्न सक्छ । यही नै पुष्पलालप्रतिको सच्चा श्रद्धाञ्जली र नेपाली कम्युनिस्ट आन्दोलनको पुनर्जागरणको वास्तविक मार्ग हो ।

## सुकुम्बासीको...

लगायतको व्यवस्था गर्न, सुकुम्बासीलाई दमन गर्ने विल्लीबाठ पार्ने भविष्य असुरक्षित तुल्याउने काम तत्काल बन्द गर्न माग गरिएको छ । ज्ञापन पत्रको पूर्णपाठ यसप्रकार छ ः

सुकुम्बासीलाई दमन गर्ने विल्लीबाठ पार्ने भविष्य असुरक्षित तुल्याउने काम तत्काल बन्द गर ।

रास्वपा सत्तामा आउनासाथ वालेन सरकारले सुकुम्बासी बस्तीमाथि डोजर चलाएर आफ्नो सुशासन गरेको र होल्डिङ सेन्टरहरूमा कैदी बन्दी जस्तै थुनामा राखेर समाधान खोज्ने भनेको थियो वस्ती रही

अहिले ती होल्डिङहरू छोड्ने उर्दी सुनाएर उनीहरूमाथि सुशासनको गरेको प्रदर्शन गरेको छ । व्यवस्थित बसोबासको लालपूर्जा र जीवन धान्ने रोजगारी पाइला भनेर आशा गरिरहेका सुकुम्बासीको भविष्य यसरी अनिश्चित र अन्यौलपूर्ण तुल्याएको छ । सुकुम्बासीलाई यसरी विचिल्ली तुल्याउने र सुनिश्चित बसोबासको समुचित रोजगारीको व्यवस्था उनीहरूको जीवनमाथि खेलवाड गर्ने गैरजिम्मेवारपूर्ण दमकारी सरकारी कदमको हामी तीन किसान संगठन घोर निन्दा र भर्त्सना गर्दछौं । कुनै पूर्व तयारी नगरी हचुवाको भरमा सुकुम्बासी हल गर्ने भन्दा उनीहरूमाथि थप समस्या थोपर्ने जुन काम गर्दैछ । यसले आवास, रोजगारी ,शिक्षा र स्वास्थ्य सम्बन्धि मौलिक संवैधानिक हकको धज्जी उडाएको छ । अतः हामी तत्काल निम्न लिखित माग पूरा गर्न दीर्घकालीन समस्याको सही समाधान खोज्न जोडदार माग गर्दछौं ः

१. तत्काल सम्पूर्ण सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई सुरक्षित बसोबासको व्यवस्था तुरुन्त मिलाउ ।
२. सुकुम्बासीहरूका छोराछोरीले पढ्न पाउने समुचित व्यवस्था गर ।
३. बिरामी र अशक्त सुकुम्बासीहरूको सम्पूर्ण उपचार खर्च सरकारले व्यवस्था गर ।
   वस्ती उजाडिएका सुकुम्बासी र गैर सुकुम्बासीको विवरण सार्वजनिक गर ।
४. सम्पूर्ण सुकुम्बासीको दीर्घकालीन शिक्षा स्वास्थ्य सबै हिसाबले सुरक्षित बसोबास र काम गर्ने उमेरका सबैलाई रोजगारी दिने व्यवस्था गर ।

## दलाल...

परिस्थितिमा वामपन्थी दलहरूको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रममा सुदर्शनले सो विचार व्यक्त गर्नुभएको हो । कार्यक्रमको आयोजना पुष्पलाल मित्रता केन्द्रले गरेको थियो । आफ्नो भनाईलाई स्पष्ट गर्दै सुदर्शनले भन्नुभयो- "अहिलेको आर्थिक -सामाजिक परिस्थितिको अध्ययन गर्दा नेपालको अहिलेको परिस्थिति नवऔपनिवेशिक परिस्थिति हो । परिणामत देशको अर्थतन्त्र दलाल पुँजीपति वर्गको हातमा छ ।दलाल पुँजीपति वर्ग र नेपाली जनताको बीचमा जुन प्रमुख अन्तर्विरोध छ त्यसलाई हल गर्नका निम्ति वामपन्थीहरूको बीचमा एकता हुन जरुरी छ । राजनीतिकरूपले यहाँ प्रतिक्रान्ति भइसकेको छ । हामीले दुःख गरेर प्राप्त गरेका जे उपलब्धिहरू छन् ,ती सीमित मात्रै बाँकी रहेका छन् । संविधान भन्ने जुन चिज छ त्यो केही मात्रामा बाँकी छ । हामीले अहिले त्यही संविधानलाई टेकेर लोकतान्त्रिक गणतन्त्र, समावेशी ,समानुपातिक प्रतिनिधित्व, धर्मनिरपेक्षता आदि भन्न पाएका छौं । अहिले दुःख गरेर प्राप्त गरेका यी उपलब्धिहरू एकदमै भीरको डिलमा उभिएका छन् ।"

"वामपन्थी" शब्दलाई दुरूपयोग गरिएको बारे प्रवक्ता सुदर्शनले भन्नुभयो , " वामपन्थीहरू को हुन् भन्ने कुरा पनि गहिरोसँग बुझ्नुपर्ने भएको छ ।वामपन्थी भन्ने शब्दभित्र कतै अवसरवाद त लुकेको छैन ! लेनिनले भनेजस्तै सबै कम्युनिस्टहरू वामपन्थी हुन्छन् तर सबै वामपन्थीहरू कम्युनिस्ट हुँदैनन् ।नेपाली कांग्रेस पनि अहिले वामपन्थी हो ! किनभने त्यो अहिले सत्ताको विपक्षमा छ । वामपन्थी भन्दाभन्दै सत्तापन्थी पनि हुने गरेको देखिएको छ । रास्वपालाई नै समर्थन गर्ने हो भने त्यस्तो वामपन्थी हुन सक्दैन ।"

पुष्पलालको योगदानको चर्चा गर्दै सुदर्शनले भन्नुभयो , " हामीले पुष्पलालको ४८ औं स्मृति दिवस मनाइरहँदा पुष्पलालले दिनुभएको योगदानलाई आत्मसाथत गर्नुपर्ने आवश्यकता छ । पुष्पलालले हामीलाई दर्शन शास्त्र दिएर जानुभएको छ । पुष्पलालले नेपाली समाजको वर्ग विश्लेषण गरेर जानुभएको छ र पुष्पलालले हामीलाई कसरी अगाडि बढ्ने भनेर मूल बाटो पनि देखाएर जानुभएको छ । यदि हामीले पुष्पलालले लेखेको मूलबाटोमा वामपन्थीको परिभाषा हेर्यौं भने अहिले हामीले सहज रूपमा गरिरहेको वामपन्थीसँग त्यो मिल्दैन । वामपन्थी हुन कस्तो हुनुपर्छ,के हुनुपर्छ भन्ने कुरा बुझ्नका निम्ति पुष्पलालले लेखेको वामपन्थीको अवधारणा पनि हामी बुझ्न जरुरी छ ।"

नेपालको राष्ट्रिय स्वाधीनता संकटमा परेको कारण खुलाउँदै सुदर्शनले भन्नुभयो , " नवऔपनिवेशिकताले दलाल पुँजीवादलाई जन्म दिन्छ र दलाल पुँजीवादले ल्याउने राजनीतिक स्थिति भनेको आज जे छ त्यही नै हो । सेना ,प्रहरी ,कर्मचारी यन्त्र ,कारागार, अदालत सबै राज्यका संयन्त्रहरू पुरानै थिए । चुनाव जितेर केही वामपन्थी दलहरू सरकारमा गएका थिए । यहाँ सिधा सिधा कुरा गर्नुपर्छ । नेपाली सेनालाई प्रयोग गरेर अमेरिकी साम्राज्यवादले रास्वपा, बालेन्द्र, रविको मुखौटो लगाएर शफ्ट कु गर्यो । सरकार कब्जा गर्यो । नेताहरूलाई कब्जा गर्यो । राष्ट्रिय स्वाधीनताको समस्या प्रमुख समस्या बनेर आएको छ । आज वामपन्थीहरूले बुझ्नुपर्ने कुरा यही नेर छ । "

वामपन्थीहरूका बीच पर्टी एकताको सम्भावनाबारे सुदर्शनले भन्नुभयो , "हामी सबैको बीचमा पार्टी एकता सम्भव छ कि छैन यो विषयमा पनि राम्रोसँग छलफल गर्नुपर्ने आवश्यकता छ । हामीले मार्क्सवाद - लेनिनवाद -माओवाद वा माओ विचारधारा मान्दछौं भने , सर्वहारा सांस्कृतिक क्रान्तिलाई मान्दछौँ भने, अहिलेको व्यवस्था र संविधान यो साम्राज्यवादद्वारा पालितपोषित फाषिष्ट व्यवस्था भनेर त्यसका विरुद्ध जान सक्छौ भने पार्टी एकता सम्भव छ । मौजुदा व्यवस्थालाई पल्टाउने हो कि होइन यही कुरामा पार्टी एकता हुने कि नहुने भन्ने कुरा त्यहीनिर अड्किन्छ जस्तो मलाई लाग्छ । "

राजनीतिक संकटको निकास बारे सुदर्शनले भन्नुभयो , "यो सरकारले प्राप्त उपलब्धिहरूलाई पनि नष्ट गरेर प्रतिक्रान्तिको बाटोमा जान खोजिरहेको छ । हामीले एउटा लुज फोरम निर्माण गर्न सक्दछौँ । बामपन्थी भन्ने जति सबै अट्ने फोरम निर्माण गर्न सक्दछौँ । तर त्यसका निम्ति यो सरकारका विरुद्ध एउटा वैकल्पिक सरकारको गठनको एउटा विकल्प प्रस्तुत गर्नु पर्दछ । स्वाधीन संयुक्त सरकार हामीले बनाउनु पर्दछ । देशभक्त, वामपन्थी र सम्पूर्ण अग्रगामी तत्वहरू मिलेर एउटा राष्ट्रिय राजनीतिक सम्मेलन गरौं । त्यो हिम्मत गरौं । राष्ट्रिय राजनीतिक सम्मेलनबाट राष्ट्रिय स्वाधीनताको पक्षमा एउटा कार्यक्रमको घोषणा गरौं । अगाडि बढ्दै जाने क्रममा हामीले स्वाधीन संयुक्त सरकार निर्माण गर्न सक्दछौं । यस किसिमले अगाडि बढ्नका लागि हामी तयार छौँ कि छैनौं यी विषयमा हामी छलफल गर्नुपर्दछ । वैकल्पिक सरकारको निर्माण गर्ने दिशामा हामी जान तयार हुन्छौं भने नै वास्तवमा त्यो लुज फोरमको महत्व हुन्छ । सिद्धान्तमा अडान हुन जरुरी छ । साझ एउटा बोल्ने, बिहान अर्को बोल्ने गरेर त्यो मोर्चा स्थायी हुन सक्दैन । हामीले एमसीसीको विरोध गर्न सक्छौं कि सक्दैनौं । एसपीपीको विरोध गर्न सक्छौ कि सक्दैनौं ।संसदमा बालेनले भर्खरै नेपालले पनि भारतको जग्गा मिचेको छ भनेका छन् ।त्यसको विरोध गर्न सक्छौ कि सक्दैनौ यस्ता कुराहरूको स्पष्टताले नै लुज फोरमलाई निर्माण गर्न मद्दत पुर्याउनेछ । साम्राज्यवादीहरूले देशलाई लुटिरहेका छन् । र, पुरै लुट्नका निम्ति उनीहरू आइरहेका छन् । यस्तो अवस्थामा देशलाई बचाउनका निम्ति वामपन्थी तथा देशभक्तहरूको बीचमा एकता आवश्यक छ । "

## क्रान्तिकारी...

नीति तथा कार्यक्रम र बजेट भाषणले नै स्पष्ट पारेको छ ।' उनले थप भने, 'यो सरकारले दलाल पुँजीपति वर्गको हित र फाइदाका निम्ति बजेट ल्याएको छ तर किसान, मजदुर, सुकुम्बासी र तमाम उत्पीडित तथा निम्न वर्गको विरुद्धमा ल्याएको छ ।' नेता शाहीले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका समस्या समाधानमा सरकार गम्भीर नदेखिएको आरोप पनि लगाए । राज्यले बनाएको संविधान, कानुन र मानवअधिकारको पालना नगरेको भन्दै उनले वर्तमान सरकारले अपनाएको 'डोजर आतंक'को अन्त्य हुने कुनै सुनिश्चितता नरहेको दाबी गरे । उनले देशभरका सुकुम्बासी तथा अव्यवस्थित बसोबासी अहिले आन्दोलनमा रहेको उल्लेख गर्दै उनीहरूको मागप्रति राजनीतिक दल, नागरिक समाज र बौद्धिक वर्गले पनि समर्थन जनाइरहेको बताए ।

उनले भने, 'बालेन सरकारको यो फाँसीवादी बर्बरता विरुद्ध सुकुम्बासीहरूको साथमा किसान, मजदुर, युवा, विद्यार्थी आदि सबैको संयुक्त आन्दोलन उठ्न जरुरी छ । यो फाँसीवादले विगतका जनआन्दोलन र जनयुद्धबाट प्राप्त अधिकारहरूलाई खोस्ने हर्कत गर्दैछ । विध्वंश र वितण्डाको पर्याय बनेको यो फाँसीवादी सरकारलाई लगाम लगाउन हामी सबैले सुकुम्बासी आन्दोलनलाई ऐक्यबद्धता गर्नु अनिवार्य भएको छ ।' शाहीले सुकुम्बासी समस्याको दायरा केवल एक वर्गमा सीमित नरहेको पनि बताए । उनका अनुसार, गुठीबाट विस्थापित मोही, पहाडमा पहिरो र तराईमा नदी कटानका कारण विस्थापित नागरिक, पुर्ख्यौली पेसाबाट विस्थापित दलित, कुमाल, माझी-बोटे समुदाय, वर्षौंदेखि बसोबास गर्दै आएको जग्गा नापजाँच नभएका परिवार, सरकारी तथा शैक्षिक संस्थाको नाममा जग्गा दर्ता भएका बासिन्दा र मिटरब्याजी वित्तीय संस्था वा व्यक्तिबाट पीडित नागरिक पनि सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको अवस्थामा पुगेको उनले बताए । कार्यक्रममा सहभागी विभिन्न राजनीतिक दलका नेता तथा जनप्रतिनिधिले पनि सुकुम्बासी समस्या समाधानमा सरकारले प्रभावकारी पहल गर्नुपर्ने धारणा राख्दै वर्तमान सरकारको आलोचना गरेका थिए ।

क्रान्तिकारी सुकुम्बासी संघ नेपाल बाँकेका जिल्ला अध्यक्ष दिपेन्द्र घर्ती मगरको अध्यक्षतामा भएको कार्यक्रममा लुम्बिनी प्रदेशका पूर्वमन्त्री कृष्णा केसी (नमूना), नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य नारायणी वली, नेकपा एमालेका प्रदेश कमिटी सदस्य भिम वली, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका गुणानिधि आचार्य, श्रम संस्कृति पार्टी बाँकेका अध्यक्ष श्रीमन थापा, राष्ट्रिय जनमोर्चाका तुलाराम सापकोटा, सुकुम्बासी अभियन्ता कविराज यात्री, कोहलपुरका सुकुम्बासी अध्यक्ष वीरबहादुर परियार, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका जिल्ला सचिव प्रेम थापा तथा नेकपा (माओवादी) का सुरेन्द्र रावलआदिले मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन मानबहादुर भण्डारीले गरेका थिए । आयोजकका अनुसार, कार्यक्रममा ठुलो संख्यामा भूमिहीन सुकुम्बासीहरूको सहभागिता थियो ।

## एकदेव...

सञ्चालन नेत्ररानाभाट (महसचिब, एकदेव आले स्मृति प्रतिष्ठान) र अध्यक्षता मनुमाया श्रेष्ठ( अध्यक्ष,एकदेव आले स्मृति प्रतिष्ठान) ले गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य माधव अधिकारी (उपाध्यक्ष,एकदेव आले स्मृति प्रतिष्ठान) ले राख्नुभएको थियो । अन्तरक्रिया कार्यक्रमको प्रमुख अतिथि हरि बहादुर चुमान संरक्षक,एकदेव आले स्मृति प्रतिष्ठान तथा नेकपाका के.स. एबम् गण्डकी प्रदेश साँसद) , हुनुहुन्थ्यो । अतिथिहरू एकबहादुर राना (एमाले पूर्व के.स), राजेन्द्रकेशरी न्यौपानें (पूर्व संयोजक,एकदेव आले स्मृति प्रतिष्ठान), प्रतापलाल श्रेष्ठ (संरक्षक,एकदेव आले स्मृति प्रतिष्ठान), पुष्पलाल श्रेष्ठ (नेकपा (मशाल), लक्ष्मण अधिकारी (नेमकिपा तनहूं, संयोजक), कृष्ण वाग्ले रूपेश, श्रीप्रसाद श्रेष्ठ (म्याग्दे गा.पा. अध्यक्ष), अतिन्द्र न्यौपाने (सल्लाहका,रएकदेव आले स्मृति प्रतिष्ठान) र श्रीराम कार्की( पूर्व अध्यक्ष,एकदेव आले स्मृति प्रतिष्ठान) हुनुहुन्थ्यो । । सहभागी सबैलाई धन्यवाद ज्ञापन शिव सदाशंकर (सचिव,एकदेव आले स्मृति प्रतिष्ठान) ले व्यक्त गर्नु भएको थियो ।

## वैदेशिक...

संयोजक सन्तबहादुर नेपालीले विगतमा सत्तामा रहँदा कम्युनस्टहरूकै कमजोरीको कारण लामो समयपछि देश 'घोर दक्षिणपन्थी'हरूको हातमा गएको आरोप लगाए । उनले देशमा बढ्दो वैदेशीक हस्तक्षेप र सरकारको जनविरोधी कदमकाविरुद्धमा सबै कम्युनिस्टहरू एक हुनुपर्नेमा जोड दिए ।

पुष्पलालको ४८ औं स्मृति दिवसको सन्दर्भमा नेकपाका संयोजक लोकनारायण सुवेदीले 'वैदेशिक हस्तक्षेप र राष्ट्रिय आत्मसमर्पणवादको विरुद्ध प्रतिरोध आन्दोलनको सवाल र कमरेड पुष्पलाल' विषयक कार्यपत्र पेस गरेका थिए ।

सुवेदीले राष्ट्रिय स्वाधीनतालाई जोगाउन सम्पूर्ण सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू एकजुट र आन्दोलित हुनुपर्नेमा जोड दिए । सुवेदीले नेपाली कम्युनिस्ट आन्दोलनका आदर्श तथा संस्थापक वैचारिक नेता पुष्पलालको नीतिको आवश्यकता र महत्व झन बढेर गएको दाबी गरे ।

'लाखौं-लाख झुपडीको एकता नेपालको राष्ट्रियता हो भने, तिनै झुपडीको हकहित नै जनताको जनवाद हो' भन्ने पुष्पलालको वैचारिकता नै कम्युनिस्ट आन्दोलनको विषयलाई जनताकोबीचमा पुर्याउनुपर्छ र बुद्धको शान्ति र पञ्चशीलको सिद्धान्तलाई जोडेर लैजानु पर्छ" सुवेदीले भने ।

पुष्पलालको ४८ औं स्मृति दिवसको अवसरमा विशिष्ट अतिथिकोरूपमा रहेका परराष्ट्रविद हिरण्यलाल श्रेष्ठले राष्ट्रिय स्वाधीनता, जनताको स्वतन्त्रता र जनजीवीकाका साथै नेपालको परराष्ट्र नीति निर्माणमा पुष्पलालको विशिष्ठ योगदान रहेको चर्चा गरे । पत्रकारको एक प्रश्नको उत्तरमा श्रेष्ठले कालापानी, लिपुलेक र लिम्पियाधुरासमेत समेटेर संसदले एकैमतले पारित गरेको नेपालको राजनीतिक मानचित्र कसैले पनि हटाउन नसक्ने बताउँदै भने,"बालेनको केटाकेटी लहडले हटाउन कोशिस गरे गम्भीर राष्ट्रघात ठहर्छ ।"

कार्यपत्रमाथि टिप्पँणि गदै वरिष्ठ अर्थ विज्ञ डा.डिल्लीराज खनालले वर्तमान सरकारले कर आतंक मच्चाएर जनतालाई त्राहीत्राही पारेको जिकिर गरे । "आहिलेसम्मका आन्दोलनहरूले नेपालको उत्पादन सम्बन्धमा आमुल परिवर्तन ल्याउन नसकेकोले नेपालको परनिर्भता बढ्दै गयो, जसका कारण देशको अर्थतन्त्र साम्राज्यवादको अधिनस्थ हुँदै गएको छ" डा.खनालले भने ।

वरिष्ठ अधिवक्ता डा.दण्डपाणी पौडेलले सुवेदीद्वारा प्रस्तुत कार्यपत्र वर्तमान समयानुसार निकै सान्दर्भिक भएको उल्लेख गर्दै, त्यसलाई थप समृद्ध गरी निर्णायक शान्तिका लागि प्रयुक्त गर्नुपर्नेमा जोड दिए ।क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्य रामसिंह श्रीशले शान्तिलाई वर्ग सापेक्षमा बुझ्नु पर्ने बताउँदै, भने,"साम्राज्यवादले युद्ध मात्रै थोपर्ने हो, शान्ति स्थापना गर्न सक्दैन, त्यो कार्य केबल कम्युनिस्टहरूबाट मात्रै सम्भव छ ।"

पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराईले समग्रमा कार्यपत्र सही रहेको बताउँदै, साम्राज्यवादका विरुद्ध सम्पूर्ण कम्युनिस्ट घटकहरू एकजुट हुनुपर्नेमा जोड दिए ।

मोर्चाका घटक तथा नेकपा(मार्क्सवादी पुष्पलाल) का अध्यक्ष मानध्वज गुरुङले नेपालको आधारभूत वर्ग 'किसानका समस्या हाल नभई राष्ट्रका समस्य हल हुँदैन' भन्ने पुष्पलालको कथनलाई विशेषरूपमा स्मरण गरेका थिए ।

राष्ट्रिय क्रान्तिकारी मोर्चा नेपाल घटक नेकपाका सचिवालय सदस्य नारायण शर्माले पुष्पलालका बिचार, नीति र सिद्धान्तलाई सही ढंगले बझेर कार्यान्वयन गर्न सके मात्रै नेपालको परिवर्तनलाई सार्थकता दिन सकिने बताए ।

## सुकुम्बासीमाथि...

जारी गरेर पनि लगत संकलन गरेनन् । दुई दुई पटक निकालिएको सूचना बिचैमा राकिदिए र लगत संकलनको प्रक्रिया अगाडि बढाएनन् । सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूले पटक पटक लगत संकलनका लागि आवाज उठाइरहे, तर महानगर र वडा कार्यालयले सुनुवाइ गरेनन् । बरु भूमि ऐन, कानुन, नियमावली तथा कार्यविधि केही पनि नचिन्ने उच्चस्तरीय वागमती सभ्यतालाई अगाडि सारेर सुकुम्बासीहरूलाई काठमाडौं उपत्यकाबाट नै लेखेट्ने भयानक षड्यन्त्र सुरु भएको छ ।

भूमि व्यवस्था मन्त्रालयको पत्रनुसार भन्दै अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले संकलन गरेको डिजिटल विवरणका आधारमा आवश्यक प्रक्रिया अगाडि बढाइदिन भनि लेखि आएको भन्दै स्थायी वतन उल्लेख भएको जिल्लामा स्वीकृत कार्यविधिको अधिनमा रही जग्गा उपलब्ध गराउने भन्दै सम्बन्धित जिल्ला समिति र पालिकामा यथाशिघ्र सम्पर्कमा जान भन्दै भूमि समस्या समाधान समितिले धमाधम सूचना जारी गरिरहेको छ । समितिले अहिलेसम्म त्यस्ता तीनवटा सूचना जारी गरेको छ ।

यसरी जारी गरिएको साउन ६, २०८३ को सूचनामा कीर्तिपुर र बोडेको होल्गिं सेन्टरमा रहेका १६ जना सुकुम्बासी परिवारलाई आआफूले नागरिकता लिएको जिल्ला र स्थानीय तहको सम्पर्कमा जान भनिएको छ ।

त्यसैगरी, साउन ८ मा नेपाल टेलिकम गोंगबुको होल्टिंग सेन्टरमा रहेका ७ परिवार र इचंगुनारायणको होल्डिंग सेन्टरमा रहेका १२ परिवारलाई पनि आफ्नो नागरिकता भएको जिल्ला र स्थानीय तहको सम्पर्कमा जान भनिएको छ ।

यसरी ३५ सुकुम्बासी परिवार नाममा उपत्यकाभरि कहिँ कतै जग्गा नभेटिएको भन्दै उनीहरूको लागि जग्गाको व्यवस्था तत्तत स्थानीय तहले व्यवस्थापन गर्ने जनाइएको छ ।

स्थानीय तहले गरेको लगत संकलनको आधारमा सोही स्थानीय तहले व्यवस्थापन गर्ने गरी लगत संकलन गर्नुपर्ने स्पष्ट कार्यविधि हुँदा हुँदै त्यसलाई छलेर यसरी संघीय सरकार र स्थानीय सरकार, बागमती सभ्यता, भूमाफिया, सहरीया सम्भ्रान्त वर्ग, मध्यम वर्ग समेतको मिलेमतोमा उपत्यकाबाट सुकुम्बासीहरूलाई सरकारले लखेट्न थालेपछि पीडित सुकुम्बासीहरू भने आक्रोशित बनेका छन् र उनीहरूले आफू बसेकै ठाउँमा व्यवस्थापन गर्न माग गरेका छन् । भूमि अभियन्ता तथा संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाकी नेतृ स्मिता आचार्यका अनुसार शान्तिनगरबाट विस्थापित सुकुम्बासीहरूले सोही ठाउँमा त्रिपाल टाँगेर बस्न सुरु गरेका छन् । अन्य सुकुम्बासीहरूले पनि आआफ्नो थातथलोमा फर्किन सुरु गरेको उहाँले जानकारी दिनुभयो ।

यसैबिच, नेपाल महिला एकता समाजले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई दीर्घकालीन व्यवस्थापन नगरी जबर्जस्ती जिल्ला फर्काउने तयारी तत्काल रोक्न सरकारसँग माग गरेको छ ।

समाजले प्रेस विज्ञप्तिमार्फत काठमाडौं उपत्यकाका नदी किनारबाट हटाइएका भूमिहीन दलित तथा सुकुम्बासीलाई कुनै स्पष्ट पुनर्स्थापना योजना, वैकल्पिक आवास वा जीविकोपार्जनको व्यवस्था नगरी सम्बन्धित जिल्लामा फर्काउने तयारी भएकोप्रति गम्भीर आपत्ति जनाएको हो ।

महिला एकता समाजले यस्तो निर्णयले विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र विपन्न परिवार थप असुरक्षित बन्ने जनाएको छ । संगठनका अनुसार सुकुम्बासी परिवारको बसोबास मात्र होइन, उनीहरूको रोजगारी, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सम्बन्ध पनि काठमाडौंसँग जोडिएको भएकाले जबर्जस्ती जिल्ला पठाउनु समाधान नभई पुनः विस्थापन हुने अवस्था सिर्जना हुनेछ ।

विज्ञप्तिमा सरकारले संविधानले सुनिश्चित गरेको सुरक्षित आवासको अधिकार, आवाससम्बन्धी ऐन-२०७५ तथा स्थानीय सरकार सञ्चालन ऐनको भावना विपरीत काम गर्न नहुने उल्लेख गरिएको छ । उचित वैकल्पिक व्यवस्था नगरी कसैलाई पनि आवासबाट वञ्चित गर्न नमिल्ने कानुनी व्यवस्था रहेको समाजको भनाइ छ ।

समाजले सरकारसँग सुकुम्बासीको सहमतिमा दीर्घकालीन पुनर्स्थापना योजना, सुरक्षित आवास, जीविकोपार्जनको सुनिश्चितता तथा मानव अधिकारको सम्मान हुने गरी समाधान खोज्न आग्रह गरेको छ । साथै, एकपक्षीय र बलपूर्वक गरिने स्थानान्तरण तत्काल रोक्न तथा सम्बन्धित पक्षसँग संवादमार्फत समस्या समाधान गर्न पनि अपिल गरेको छ ।

**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

- www .moolbato .com
- www .hanktoday .com
- www .daunnenews .com
- ww .isthaniyapatra .com
- www .navadristi .com
- www .hamrokalapani .com
- www .hamroonline .com
- www .newsabhiyan .com
- वर्गदृष्टि साप्ताहिक
- हाँक साप्ताहिक

# आलोपालो

## पुष्पलालको वैचारिक मार्गदर्शनमा कम्युनिस्ट आन्दोलनको रूपरेखा



पुष्पलाल श्रेष्ठ नेपाली कम्युनिस्ट आन्दोलनका सदाबहार वैचारिक व्यक्तित्व हुनुहुन्छ । उहाँले केवल एउटा राजनीतिक दलको नेतृत्व गर्नुभएन, नेपाली क्रान्तिको वैचारिक दिशा निर्धारण गर्नुभयो । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव, नेपाली समाजका पहिलो वैज्ञानिक मार्क्सवादी विश्लेषक, क्रान्तिका सिद्धान्तकार तथा लोकतान्त्रिक गणतन्त्रका दूरदर्शी चिन्तकका रूपमा उहाँ सम्पूर्ण नेपाली कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनको साझा वैचारिक सम्पत्ति हुनुहुन्छ ।

हाँको ४८औँ स्मृति दिवस र १०२औँ जन्मजयन्ती मनाइरहँदा औपचारिक श्रद्धाञ्जली मात्र पर्याप्त हुँदैन । उहाँका विचार, दस्तावेज र राजनीतिक दृष्टिलाई आजको यथार्थसँग जोडेर पुनः समीक्षा गर्नु नै उहाँप्रतिको सच्चा सम्मान हो । इतिहासको सम्मान भनेको अतीतको स्मरण मात्र होइन, वर्तमानका लागि शिक्षा र भविष्यका लागि सही दिशा खोज्नु पनि हो ।

आज नेपाली कम्युनिस्ट आन्दोलन विभाजन, व्यक्तिवाद, अवसरवाद, वैचारिक विचलन र सत्ता-केन्द्रित राजनीतिका चुनौतीसँग जुधिरहेको छ । यस्तो अवस्थामा स्वाभाविक प्रश्न उठ्छ-पुष्पलाल आज जीवित हुनुहुन्थ्यो भने यस अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्थ्यो र आन्दोलनको पुनर्गठनलाई कुन वैचारिक तथा राजनीतिक दिशामा अघि बढाउनुहुन्थ्योरु यी प्रश्नहरूको उत्तर खोज्नु केवल बौद्धिक अभ्यास होइन, नेपाली कम्युनिस्ट आन्दोलनको भविष्यसँग जोडिएको ऐतिहासिक आवश्यकता हो ।

***पुष्पलाल : नेपाली मार्क्सवादका पहिलो मौलिक व्याख्याकार***

पुष्पलाल श्रेष्ठको जन्म वि ।सं । १९८१ असार १५ गते रामेछापको भँगेरीमा भएको थियो र वि ।सं । २०३५ साउन ७ गते उहाँको निधन भयो । राणाशाहीको निरंकुश शासन, सामाजिक विभेद, सामन्ती शोषण र राष्ट्रिय पराधीनताका बीच उहाँले नेपालको राजनीतिक इतिहासमा नयाँ युगको सूत्रपात गर्दै परिवर्तनलाई वैज्ञानिक वैचारिक आधार प्रदान गर्नुभयो । *बाँकी ६ पेजमा*


## गुरुहरुप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शकप्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत् समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अमेरिका...

नवउदारवादको नाममा 'आफ्नो शर्त'मा ब्यापार, बित्त र प्रविधि थोपर्नु रहेको थियो । सन् १९९० मा भएको सोभियत संघको विघटनले साम्राज्यवादी मुलुकहरूलाई (जी-७) विश्वका अल्प विकसित मुलुकहरूमाथि आर्थिक तथा सामरिक प्रभुत्व कायम गर्न अझै मद्दत पुऱ्यायो । सन् २००० सम्ममा यसले विश्वभरी नै संस्थागत प्रभुत्व कायम गर्न सफल भएको थियो । तर पश्चिमा साम्राज्यवादीहरूको यो नीतिका विरुद्ध रुस, चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिका मिलेर 'ब्रिक्स' गठन गरी 'न्यु डेभलप्मेन्ट बैंक' संचालनमा ल्याएपछि साम्राज्यवादीहरूलाई चुनौती खडा भएको छ । (अहिले ब्रिक्समा अन्य मुलुकहरू पनि थपिएर ब्रिक्स प्लस बनाएको छ ।) चीनले 'बेल्ट एन्ड रोड इनिसियटिभ', एसियन इन्फ्राक्स्टचर इनभेसमेन्ट बैंक, पिपल्स बैंक अफ चाइना, चाइना-अफ्रिका डेभलपमेन्ट बैंक स्थापना गरेपछि साम्राज्यवादी व्यापार र लगानीमा अरु चुनौती थपिएको छ । अमेरिकाको राष्ट्रपतिको पदमा डोनाल्ड ट्रम्प आए र उनले 'अमेरिका प्रथम'को नीति अर्न्तगत अमेरिकाको अन्तर्राष्ट्रिय ब्यापार तथा लगानीले श्रृजना गरेको भूमण्डलीकरणको भूमिकाबाट पछि हट्ने घोषणा गरे । चीनले भने अर्न्तराष्ट्रिय व्यापार र लगानी बढाएर चिनियाँ चरित्रको भूमण्डलीकरणलाई जोड दियो । अमेरिकालाई सन् २००८ को आर्थिक संकटबाट पार लगाउन चीनले अमेरिकी सरकारबाट निस्कासित बण्डको ठुलो हिस्सा खरिद गरेको थियो । अमेरिकी बजारमा चीनको दबदबा बढेको कारण अमेरिकाको चीनसँगको व्यापार घाटा बढ्दो छ । यसले गर्दा अमेरिकाले चीनलाई प्रतिस्पर्धी ठान्यो र त्यसको विरुद्ध व्यापार युद्ध गऱ्यो ।

***२. अमेरिका–इजरायल तथा इरान बीचको युद्ध क्षेत्रीय युद्धको रूपमा***

दोस्रो पटक डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएपछि उसले अमेरिका अब विश्वको पहरेदार हुन नसक्ने देख्यो र त्यो स्वर्ग गुम्न नदिन चीनलाई तारो बनाएको छ । उसका विरुद्ध व्यापार युद्ध र उसको लगानी रोक्न हतियार– युद्धकै बाटो राजेको छ । उसले हतियार बेच्न इजरायललाई प्यालिस्टिनी जनतामाथि आक्रमण गर्न उक्सायो । फलतः इजरायली सेनाले ७० हजारभन्दा बढि प्यालिस्टिनी जनताको नरसंहार गऱ्यो । आफ्ना दुई छिमेकी मुलुकहरू क्यानाडा र मेक्सिकोको भूमिमाथि दावी प्रस्तुत गरे र सो भूमि छाड्नका लागि चेतावनी समेत दिए । तर ती मुलुकहरूको ट्रम्पको नीतिको विरोध गरेपछि ती मुलुकहरूलाई अमेरिकासँगको व्यापारका मालहरूमाथि २५ % सम्म कर थप गर्ने निर्णय लिए । ट्रम्पले कोलम्बिया, पनामा, क्युवा र ग्रिनल्याण्डमा पनि आँखा गाडेका छन् । ट्रम्पले विभिन्न देशहरूमा सत्ता परिवर्तन गराई आफ्नो दलाल सरकार बनाउने नीति समेत लिएको छ । दक्षिण एसियामा श्रीलंका, बाङगलादेश, पाकिस्तान र हालैको नेपालको जेनजी "विद्रोह"बाट भएको सरकार परिवर्तनलाई लिन सकिन्छ । तर दक्षिण अमेरिकाको एउटा सार्वभौम सम्पन्न देश भेनेजुलामाथि सैन्य आक्रमण गरी त्यहाँका बहालवाला राष्ट्रपति र उनकी पत्नीलाई अपहरण गरी अमेरिका लगेर अदालतमा मुद्दा चलाएका छन् र आफूलाई भेनेजुलाको अन्तरिम राष्ट्रपति समेत घोषणा गरेका छन् । भेनाजुयलाको तेलमा चीनको ७० % भन्दा बढि लगानी भएकोले अमेरिकाले त्यसलाई सहने कुरा थिएन । किनभने अमेरिका लेटिन अमेरिकालाई आफ्नो प्रभाव क्षेत्र मान्दै आएको छ ।

रुस तथा युक्रेन युद्धले विश्व राजनीतिमा कम्पन ल्याइरहेको, महंगी र जलवायु प्रदुषण थपिरहेको अवस्थामा पश्चिम एसियामा अवस्थित एउटा सार्वभौमसम्पन्न मुलुक इरानका आणविक भट्टीहरू ध्वस्त पार्ने उद्देश्यले अमेरिकाले ८ असार ०८२ मा बी२ बङ्करब्रस्टर बम प्रहार गरी फोर्डो, नतान्स र इस्फानमा भीषण हमला गरेको थियो । पुनः अमेरिका र इजरायलले मिलेर त्यहाँ सत्ता परिवर्तन गर्न १६ फागुण ०८२ मा अमेरिका र इरान बीच दोस्रो वार्ता क्रममै इरानमाथि अकस्मात आक्रमण गरेपछि अमेरिका–इजरायल र इरान बीच युद्ध चर्कन पुगेको छ । अमेरिकाको सोचाइको विपरित इरानले युद्धलाई निरन्तरता दिएको छ । खाडी मुलुकहरूमा राखिएका अमेरिकी सैनिक अखडाहरू नाकाम पारिदिएको छ भने इजरायलमाथि सामरिक दवाव बढाइरहेको छ । इरानले अमेरिका र इजरायललाई आफ्नो देशको स्वधीनताका लागि अन्तसम्म लड्ने र यो मुद्धालाई आफ्नो शर्तमा टुङ्गाउने चुनौति दिइरहेको छ । पुनः अमेरिका र इरानका बीच २१ घण्टा लामो वार्ता असफल भएको छ । हर्मुज जलडमरुमा युद्धले नयाँ रूप लिएको छ ।

यो युद्ध अहिले क्षेत्रीय युद्धको रूप लिएको छ । यसका वरपर देशहरू यो युद्धमा प्रत्यक्ष सामेल भएका छन् भने यो युद्धले विश्वका शक्ति राष्ट्रहरूलाई पक्ष विपक्षमा लाग्न बाध्य पारेको छ, पार्दैछ । अमेरिका यो युद्धमा एक्लिदै गएको छ भने अमेरिकाको प्रतिस्पर्धी शक्ति राष्ट्रहरू अप्रत्यक्ष जोडिएका छन् । रुस, चीन, कोरिया जस्ता मुलुकहरूको इरानका पक्षमा सूचना संचारमा सहयोग र प्रविधि तथा हातहतियारको आपूर्ति गर्दै आएका छन् । अन्य कयौं मुलुकहरू इरानमाथि गरिएको सैनिक आक्रमण विरुद्ध उभिएका छन् । उक्त कारणहरूले गर्दा अमेरिका तथा इजरायल र इरान बीचको युद्धको अन्त्य छिट्टै हुने वा सकिने संभावना कमै देखिन्छ ।

***३. विश्व अर्थराजनीतिमा यस युद्धको प्रभाव***

साम्राज्यवाद भनेकै युद्ध हो । अमेरिकी साम्राज्यवाद अहिले विभिन्न देशमाथि आतंक र युद्ध नै थोपर्दैछ । अमेरिकी राष्ट्रपतिमा ट्रम्प पुनः दोहोरिएपछि ग्रीनल्याण्ड कब्जा गर्ने, क्यानाडालाई अमेरिको ५१ औं राज्य बनाउने, पनामा नहरलाई कब्जा गर्ने र क्युवालाई समेत कब्जा गर्ने घोषणा गरेको छ । भेनेजुला र इरान तेलको ठुलो खानी भएका मुलुक हुन् । यी सबै मुलुकहरूको सामरिक तथा आर्थिक महत्व छन् । त्यसैले अमेरिका यी मुलुकहरूलाई धम्काएर वा युद्धबाट कब्जा गर्न चाहन्छ । तर इरानसँगको युद्धले अमेरिकाले पेट्रो डलरमाथिको वर्चस्व गुमाएको छ । अब चिनीयाँ युआन (मुद्रा) पनि पेट्रो डलरमा परिणत हुन पुगेको छ । अब अमेरिकी डलर एक मात्र विश्व मुद्रा रहेन । यो बुढो बाघ हो, परजीवी हो र मरणासन्न मार्गमा छ ।

आज पनि अमेरिका विश्व शक्ति राष्ट्र हो । रुस, चीन, भारत, दक्षिण अमेरिका, ब्राजिल, इरान आदि द्यच्क्क्रऋप्क् मा आबद्ध शक्ति हुन् । अव विश्व अमेरिकी ध्रुवमा मात्र रहने अवस्था रहेन । द्यच्क्क्रऋप्क् मा आबद्ध मुलुकहरू अर्को ध्रुब बन्दैछन् । अमेरिका बुढो बाघ हो, आफ्नो बर्चस्व कायमै राख्न चाहन्छ । त्यसै कारण उसले युद्ध थोपर्नु पर्दछ । अहिले ट्रम्प प्रशासन त्यही गरिरहेको छ । रुस तथा युक्रेनलगायत पश्चिम एशियामा (खाडी) भड्केको युद्धहरूको अन्त्य अनिश्चित देखिनुका साथै अमेरिकाले विभिन्न मुलुकहरूका लागि नयाँ भन्सार दरका साथै व्यापार नीतिमा परिवर्तन गरिदिएपछि विश्व अर्थतन्त्रमा अनिश्चितता बढ्नु स्वभाविक भएको छ । यसले विश्व जलवायुमा समेत गंभीर असर गरेको छ ।

रुस तथा युक्रेन बीचको युद्धको तरंगले साम्राज्यवादी मुलुकहरूले आफ्नो सैनिक अखडा (नेटो)का लागि रक्षामा धेरै लगानी गर्ने भएका छन् । उनीहरूले (नेटो मुलुकका सदस्यहरू) आआफ्नो देशको रक्षा खर्च सन् २०३५ सम्ममा 'कुल ग्राहस्थ उत्पादनको पाँच प्रतिशत' पुऱ्याउने सहमति सार्वजनिक गरेका थिए । यसलाई नेटोले सैन्यीकरणतर्फ उल्लेख्य छलाङ भनेको थियो । यो खर्च बजेट कति हो भने उक्त रकमलाई एक एक डलर गठ्ठी (चाङ) बनाएर ठड्याइयो भने चन्द्रमासम्म पुग्न सक्तछ । इरानसँग युद्धमा अल्झेपछि चालु आ.ब.मा अमेरिकाले रक्षा लगानी ९ अर्ब डलर छुट्याएकोमा अगाडि आ.ब.को लागि १५ अर्ब डलर छुट्याउने घोषणा गरेको छ ।

साम्राज्यवादीहरूले उक्त रक्षामा गरिने खर्च नयाँ श्रोतबाट आउने होइन । ती देशहरूले विश्वको सामाजिक तथा वातावरण सुधारमा गरिने खर्च बजेटबाट रकमान्तर गरिने हो । यसबाट विश्वले निम्न दुई अवस्था बेहोर्नु पर्नेछ :

क) पश्चिमा साम्राज्यवादीहरूले रक्षा खर्चमा त्यति ठुलो लगानी गर्दा उनीहरूबाट सहयोग गरिने विश्वकै सामाजिक तथा वातावरणीय खर्चमा कटौती हुन गई विश्वले नै गंभीर नकरात्मक असर भोग्नु पर्नेछ ।

ख) साम्राज्यवादीहरूको रक्षा खर्चमा वृढि भएपछि अन्य आणविक शक्ति मुलुकहरूले पनि रक्षामा लगानी अनिवार्य बढाउने छन् ।

यसबाट (क) तेस्रो विश्व युद्धको खतरा बढ्नेछ । (ख) विश्वमै उत्पादन, पर्यावरण र सामाजिक सुरक्षामा लगानी कटौती हुने हुँदा भोकमरी, प्रदुषण र वेरोजगारी भयावह हुनेछ । अहिले पनि इरानको हर्मुज जलडमरुमा रोक लगाएपछि दक्षिण एशियामा तेल संकट उत्पन्न भएको छ र त्यसको मुल्य वृढि बढ्न गई जीवन कष्टप्रद भएको छ ।

***४. नेपालमा पर्न सक्ने असरहरू***

अमेरिकी साम्राज्यवादी नीतिद्वारा संसारमा पर्न गएको असरबारे हामीले माथि चर्चा गऱ्यौं । त्यसबाट नेपालमा पर्न सक्ने असरबारे पनि चर्चा गरिनु आवश्यक छ । नेपाल पहिलेदेखि भारतीय विस्तारवादी शक्तिको अर्धऔपनिवेशिक रही आएकोमा सन् १९८५ देखि अमेरिकी साम्राज्यवादको नवऔपनिवेशिक नीति अर्न्तगत संरचनात्मक समायोजनको ( क्तचगअतगचबा ब्मवगकक्तभलत एचयनचक्रभ) नाममा नवऔपनिवेशिक चेपुवामा पर्दै आएको थियो । अब उसलाई अमेरिकाको इण्डोप्यासिफिक रणनीतिभित्र समावेस गरिएको छ । तसर्थ अमेरिकाको दवावमा नेपालको संसदले एमसिसि पारित गरेको अवस्था छ । बालेनको नयाँ सरकारले पनि एमसिसिलाई स्वीकार गर्ने भनाई सार्वजनिक भएको छ । अब रह्यो एसपीपीको विषय । नेपालको सेना प्रमुखले अमेरिकी एसपीपीमा हस्ताक्षर गरिसकेको अवस्था छ र अहिले पनि नेपाली सेनाले यसलाई स्वीकार गर्नु पर्ने भनाई सार्वजनिक भएको छ । शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उनले एसपीपीलाई स्वीकार गरेनन भने हालको प्रधानमन्त्री बालेनले पनि स्वीकार नगर्ने भनाई बाहिर आएको छ । 'भन्ने एउटा गर्ने अर्को' नहोस् । यदि त्यसो गरियो भने नेपालमा अमेरिकी सेनाले चीनको विरुद्ध परेड खेल्नेछ । त्यो अवस्थामा चीन पनि प्रतिकारमा उत्रनेछ । अनि नेपालको एक चीन नीतिले हावा खानेछ र नेपाल आवश्यक रूपले चीन र अमेरिका बीचको युद्धमा फस्नेछ । यो गंभीर अवस्थाको अहिले हामी अन्दाज मात्र गर्न सक्छौं ।

***५. नेपालको जनजातिमा पर्ने असरबारे***

आदिवासी जनजातिहरू भनेका जल, जमिन र जंगलमा आश्रित मानव समुदायहरू हुन् । यिनीहरू राज्यबाट वर्गीय तथा जातीय शोषण उत्पीडनमा परेका अधिकांश गुजरामुखी कृषि पेशामा आश्रित ग्रामीण परिवेशका छन् । काठमाडौं उपत्यकाका नेवाः जनजातिबाहेक पहाड र तराईमा बस्ने आदिवासीहरूको ग्रामीण जीवन शैली रहेको छ र अतिरिक्त आम्दानी कमै हुने हुँदा अतिरिक्त बचत पनि कम हुन गई लामो युद्धमा जीवन धान्न गाह्रो हुनेछ । उनीहरूको अतिरिक्त आम्दानीको स्रोत भनेको मुख्यतः वैदेशिक रोजगार र घरमा सानुतिनु कृषि व्यापार रहेको देखिन्छ । यस अवस्थाका जनजातिहरू अमेरिका र चीन बीचको द्वन्दमा फस्नु पर्नेछ । के अनुमान गर्न सकिन्छ भने यो द्वन्द काठमाडौ उपत्यका र पहाडी तथा हिमाली क्षेत्रमा बढी केन्द्रित रहनेछ र त्यस क्षेत्रका आदिवासी जनजातिहरू यो द्वन्दका बढी शिकार हुनेछन् ।

***६. पुच्छ्रे भनाई***

साम्राज्यवादकै कारण युद्धहरू भएका छन् । अहिले अमेरिकी साम्राज्यवादले इरानमाथि युद्ध थोपरेको छ । त्यसको असर हाम्रो देशमा पर्नु स्वभाविकै हो । त्यो युद्धको कारण दक्षिण एशियामा तेल ग्यासको मुल्य बढेको छ र नेपालमा पनि तेल ग्यासको मुल्य बढेको कारणले महंगी बढेको छ । यो युद्धले खाडी मुलुकमा श्रम गर्न गएका लाखौं युवाहरूलाई बेरोजगार बनाउने संभावना छ । अर्को, साम्राज्यवादको दलाली गर्ने सरकार भएकोले एसपीपीलाई अर्को तरिकाले स्वीकार गर्ने संभावना छ । यो अवस्थामा अमेरिका र चीन बीचको द्वन्दमा नेपाल फस्न सक्नेछ । त्यसको असर आदिवासी जनजातिमा समेत पर्नेछ । यो अवस्थामा हामीले एक, इरानको (र प्यालिस्टिनी) राष्ट्रिय स्वाधीनताको रक्षाको पक्षमा आवाज उठाउनु पर्दछ र त्यहाँको न्यायपूर्ण आन्दोलनलाई समर्थन गर्नुपर्छ । दुई, नेपालको स्वाधीनता र स्वाभिमानमाथि आक्रमण, अतिक्रमण गर्ने कुनै पनि शक्तिको विरुद्ध दृढतापूर्वक उभिनु पर्दछ । नेपालको स्वाधीनताको पक्षमा उभिने सबै शक्ति, संगठन र व्यक्तित्वसँग हामीले हातेमालो गर्नु पर्दछ ।

*(यो लेख अखिल नेपाल आदिवासी जनजाति महासंघको प्रकाशन " आदिवासी जनजाति सन्देश" बाट लिइएको हो ।)*






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।